

असल छिमेकी नेपाल

# ACN

## ANNUAL REPORT

## वार्षिक प्रतिवेदन

२०७४/०७५

# असल छिमेकी नेपालको मूल्य मान्यता
## ACN's Values

| Initials | Key Words | Description |
|---|---|---|
| A | Attitude<br>सोचाइ | - We respect all and behave in humility.<br>- We take care of God's creation<br>- हामी सबैलाई आदरसहित नम्र व्यवहार गर्दछौं ।<br>- हामी परमेश्वरको सृष्टिको ख्याल राख्छौं । |
| S | Sharing<br>बाँड्नु | - We share needs, resources and credit with each other.<br>- हामी एक आपसमा खाँचो, संसाधन र जस बाँड्छौं । |
| A | Action<br>कदम | - Putting faith into action, we are proactive for sustainable solution of problems.<br>- समस्याको दीगो समाधानका लागि हामी विश्वास सहित सक्रिय कदम चाल्दछौं । |
| L | Love<br>प्रेम | - We enjoy God's love in Jesus Christ and our conduct is prompted by love.<br>- हामी परमेश्वरको प्रेममा रमाउँछौं अनि हाम्रो व्यवहार प्रेमले अभिप्रेरित भएको हुन्छ । |











## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भै फैलिएका मेची–महाकाली ।

प्रकृतिका कोटी–कोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल ।

ज्ञानभूमि शान्तिभूमि तराई, पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय! जय !! नेपाल ॥

## गैरसरकारी संस्था, गैरसरकारी संस्थाका पदाधिकारी सदस्य, कर्मचारी एवं स्वयंसेवकहरूको आचार संहिता २०६७

**NGO Code of Conduct - 2067**

१. सामाजिक जिम्मेवारी र पेशागत आचरता ।
**Social Obligation and Professional Conduct.**

२. मानव अधिकार र स्वतन्त्रताको सम्मान ।
**Respect to Human Rights and Freedom.**

३. निरपेक्षता र तटस्थता ।
**Security and Neutrality.**

४. सहयोगात्मक मानवीय व्यवहार ।
**Cooperative and Human Behavior.**

५. आन्तरिक सुशासन, पारदर्शिता र जवाफदेहिता ।
**Internal Good Governance, Transpiring and Accountability.**

६. आर्थिक अनुशासन ।
**Financial Discipline.**

७. स्वायत्तता तथा आपसी सद्भाव ।
**Autonomy and Mutual Respect.**

८. आत्मनिर्भरता तथा दिगोपन ।
**Self-Reliance and Sustainability.**

९. मानव संसाधन व्यवस्थापन ।
**Human Resource Management.**

१०. समन्वय र सहकार्य ।
**Coordination and Cooperation.**

# विषय सूची


| | |
|---|---|
| अध्यक्षको कलमबाट ... | ३ |
| धन्यवादका दुई शब्द | ४ |
| वार्षिक प्रगति प्रतिवेदन २०७४/७५ | ५ |
| नियमित कार्यक्रम | ९ |
| १. जीविकोपार्जन तथा सशक्तीकरण कार्यक्रम | ९ |
| २. स्वास्थ्य प्रवर्द्धन कार्यक्रम | ११ |
| ३. महिलाहरूका लागि नवजीवन उपचार तथा पुनर्स्थापना कार्यक्रम | १३ |
| ४. बाल संरक्षण कार्यक्रम | १५ |
| विपद् प्रतिकार्य सहयोग कार्यक्रम (DRAP) | १७ |
| आपतकालिन तथा पुनर्स्थाना कार्यक्रम | १८ |
| १.१ पहिरो प्रभावितहरूलाई सहयोग | १८ |
| १.२ बाढी प्रभावितहरूका लागि राहत तथा पुनर्स्थापना कार्यक्रम | १९ |
| १.३ स्वास्थ्य पुनर्स्थापना कार्यक्रम | २१ |
| पुनर्निर्माण र पुनर्स्थापना कार्यक्रम | २३ |
| २.१) सार्वजनिक भवन पुनर्निर्माण कार्यक्रम | २३ |
| २.२) जीविकोपार्जन तथा स्वास्थ्य कार्यक्रम | २५ |
| २.३) स्वयम्सेवक परिचालन तथा विकास कार्यक्रम | २७ |
| २.४) दक्ष जनशक्ति तालिम कार्यक्रम | २८ |
| २.५) व्यक्तिगत आवास पुनर्निर्माण सहायता कार्यक्रम | ३० |
| कोषाध्यक्षको प्रतिवेदन | ३२ |
| आर्थिक प्रतिवेदन २०७४/०७५ | ३४ |
| वार्षिक योजना तथा बजेट आ.व. २०७५/०७६ | ४० |


**यस प्रतिवेदनमा प्रकाशित सामग्रीहरु सम्बन्धित व्यक्ति तथा निकायसँगको पूर्वस्वीकृतिमा प्रकाशन भएका छन् ।**

# अध्यक्षको कलमबाट ...



भरत ब. गुरुङ
अध्यक्ष

असल छिमेकी नेपालले १६ वर्ष पार गरेको छ । १६ वर्षसम्म आफ्नो दर्शन अनुसार जिम्मेवारी वहन गर्दै यहाँसम्म आइपुग्न सर्वप्रथम हाम्रा परमेश्वर पिता, पुत्र र पवित्र आत्मा त्रीएक परमेश्वरलाई धन्यवाद छ । अहिले हाम्रो पोखरेली खीष्टिय समुदायमा चर्चहरूको संख्या ४७ पुगिसकेको छ । पोखरेली खीष्टिय समुदायले विपन्न र सीमान्तकृत वर्गहरूलाई लक्षित गरी आफूसँग भएको स्रोत र साधनहरू प्रयोग गरेर सक्दो सेवा पुऱ्याउने उद्देश्यले असल छिमेकी नेपाललाई २०५९ मा स्थापना गरेको सर्वविदितै छ । परमेश्वरलाई सारा प्राण, शक्ति हृदय र समझले प्रेम गर्ने र आफ्नो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु भन्ने बाइबल धर्मशास्त्रको शिक्षाले असल छिमेकी नेपाल अभिप्रेरित छ ।

हाम्रो देशको संरचनामा व्यापक परिवर्तन भएको छ । जनताको चाहना र आवश्यकता पनि बढ्दै गइरहेको छ । सेवाको काममा नयाँ-नयाँ अवसरहरू भएकाले जिम्मेवारी पनि त्यत्तिकै थपिएको छ । हाम्रो देशमा २०७२ साल वैशाख १२ र ३० गते आएका विनाशकारी भूकम्पबाट ठूलो क्षति भयो । वर्षेनी बाढी पहिरोबाट पनि त्यत्तिकै पीडा खप्न परिरहेको छ । असल छिमेकी नेपालले आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म समस्या र दु:ख परेको ठाउँहरूमा पुगी राहत वितरण गर्ने र पुनर्स्थापना गर्ने काम गर्दै आएको छ ।

गत १६ वर्षसम्म प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने कार्यकारिणी समितिका साथीहरू, सल्लाहकार साथीहरू, निर्देशक भाइ लगायत सबै कर्मचारी भाइबहिनीहरू साथै पोखरेली खीष्टिय समुदायका चर्चहरूका पाष्टरहरू, एल्डरहरू, अगुवाहरू, विश्वासीहरू, सरोकारवालाहरू, स्वेदशी तथा विदेशी दाताहरू, सहयोगी संघ संस्थाहरू, समाज कल्याण परिषद् साथै नेपाल सरकारलाई धन्यवाद छ । देशमा सकारात्मक परिवर्तन ल्याउने र समाजमा खीष्टिय एकताको पहिचान, नेतृत्व क्षमताको विकास, कर्मचारी वर्गमा सीपको विकास, विपन्न र उत्पीडित समाजमा भएका मानिसहरूको आत्मनिर्भरता विकास गराई प्रगतिको बाटोलाई पछ्याउन पर्छ ।

मर्कूस १० अध्यायमा येशू यरिहोमा पुग्नुहुँदा बाटोको किनारमा बसिरहेको तिमैको छोरा वारतिमै एउटा दृष्टिविहीन भोकमरीले कराएर म माथि दया गर्नुहोस हे येशू ......... के छ ? भनेर बुझ्न र समाधान गर्नको बदला चुप लागोस् भनेर हप्काए । तर येशूले त्यस दृष्टिविहीनलाई बोलाएर उसको समस्या सोध्नु भयो र उसको दृष्टिलाई खोली दिनु भएको पाउँछौं । त्यस्तै आजको समाजहरूमा धेरै चीत्कारहरू छन् । ती चीत्कारहरूलाई हामीहरूले हाम्रो स्रोत, साधन र क्षमताले भ्याएसम्म समाधान गर्न अझ हामी सक्रिय र एकताबद्ध भई एकले अर्काको कदर गर्दै प्रेममा रही अगाडि बढ्न सके हाम्रो समाज परिवर्तन भई माथि उठ्नेछ ।

# धन्यवादका दुई शब्द

आदरणीय सबैमा अभिवादन !

वि.सं. २०५७ ताका पोखरामा रहेका १९ वटा चर्चहरू रहेको पोखरेली ख्रीष्टिय समुदायका अगुवाहरूले संयुक्त रूपमा समाजमा छेउ परेका, अवसरबाट बन्चित र अत्यन्त विपन्न परिस्थितिमा रहेका व्यक्ति तथा समुदायको सेवा गर्नुपर्छ भन्ने मनसायका साथ छलफलको सुरूवात भएको थियो र २०५९ मा कास्की जिल्ला प्रशासन कार्यालयमा असल छिमेकी नेपालको विधिवत् दर्ता भई शुरू भयो । समुदायको वृद्धिसँगै यस संस्थाको पनि वृद्धि र विकास हुँदै आएको छ । पहिलो वर्षको बजेट रू २५,००० बाट अहिले करौडौंको योजना तथा परियोजना सञ्चालन गर्न सकिएको छ । समुदाय विकास, लागूऔषधको लतमा परेका महिला, विपद् प्रभावितहरूका लागि राहत तथा पुनर्स्थापना र पुनर्निर्माणका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउन सकिएको छ । यसका अलवा, अगुवाहरूका लागि नेतृत्व विकास, युवा पुस्ताका लागि प्रफेसनल विकास हुने मञ्चका रूपमा पनि असल छिमेकी नेपालले महत्वपूर्ण भूमिका निर्वाह गरिआएको छ ।



राजु अधिकारी
कार्यकारी निर्देशक

जहाँ पुग्न सकियो, जे हुन सक्यो यी सबै यहाँहरूबाट प्राप्त सहभागिता सहकार्यको फल हो । लक्षित वर्गको स्वीकार्यता, जीवन उत्थानका लागि उहाँहरूको आफ्नो प्रतिवद्धता र सहकार्य, यसरी नै सरकारी निकायका सबै तहबाट प्राप्त सकारात्मक दृष्टिकोण, सहजीकरण र विश्वासको उच्च कदर गर्न चाहन्छु । चर्च समुदायको प्रार्थना, नेतृत्वमा सहभागिता, स्वयंसेवकीय तथा आर्थिक योगदान र सबैबाट प्राप्त मित्रवत व्यवहार साथै संस्थाका सदस्यहरूबाट प्राप्त उत्साहको अन्तरात्मादेखि सह्राना गर्दछु । दातृनिकायहरूको सहयोग र भरोसाका लागि सधैं कृतज्ञ महसुस गर्दछु । कार्यकारिणी समिति एवं अन्य नेतृत्व तहमा रहेका समिति तथा उपसमितिका अग्रजहरूको सहयोग र आड सधैं नै स्मरणीय छ । कुनै हिच्किचाहट विना सधैं सबै कामका लागि तत्पर हुने कर्मचारी सहकर्मी साथीहरू गौरवको कारण हुनुहुन्छ ।

कामकै सिलसिलामा सिकाइहरू हुनुका साथै अगामी वर्षहरूमा हामीले गर्ने सेवाका कार्यहरू दिगो र अझ सशक्त गर्नका लागि खाँचोहरू पनि खड्किएका छन् । "परिवर्तन" वाहेक सबै कुरा परिवर्तनशील छन् भने जस्तै हामी पनि सँधैं परिवर्तनको सँघारमा उभिएका हुन्छौं । त्यसैलाई मध्यनजर गर्दै सम्भव भएमा संस्थाको आफ्नो जग्गा तथा पूर्वाधारको आवश्यकता खड्किएको हुँदा संस्थाका नेतृत्व वर्ग यसतर्फ प्रयासरत हुनुहुन्छ । १ वर्षे कार्यक्रमको सट्टामा कोषको उपलब्धता र प्रतिवद्धता भए ३ वर्षका परियोजनाहरू विकास गर्ने प्रयास भइरहेको छ । संस्थाको भावी नेतृत्वका लागि पनि छलफल र योजना तयार भइरहेको अवस्था छ ।

पतित जगत्मा सबैले पूर्ण जीवन पाऊन् भन्ने चाहना राख्ने हामी सबैका परमेश्वर जसले हामीलाई यसका लागि सबै कुरा गर्न समर्थ तुल्याउनुहुन्छ उहाँलाई महिमा होस् । उहाँको प्रेम निस्वार्थ र नि:सर्त काम र व्यवहारमा चरितार्थ गर्न हामी सबैलाई प्रेरणा मिलोस् । अन्तमा, विगतमा जस्तै यहाँहरू सबैबाट निरन्तर सहभागिता, सहयोगको र उत्साहको अपेक्षा गर्दै सबैप्रति पुन: कृतज्ञता व्यक्त गर्दछु ।

# वार्षिक प्रगति प्रतिवेदन २०७४/७५

२०५९ सालको श्रावण महिनामा पोखरेली ख्रीष्टिय समुदायले गरी आएका सामाजिक सेवाहरूलाई कसरी संस्थागत रूपमा अगाडि बढाउन सकिन्छ भन्ने विषयमा समुदायका अगुवाहरू बीच विभिन्न छलफल तथा कार्यशाला सम्पन्न गरे पश्चात् सामाजिक पहलको रूपमा असल छिमेकी नेपाल नामक गैरसरकारी संस्था स्थापना गर्ने निर्णय गरिएको थियो । उक्त निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता गरी विभिन्न सामाजिक कार्यहरू सञ्चालन गर्दै आएको छ ।

## दर्शन

परमेश्वर महिमित हुनुभएको र मानिसहरू परमेश्वर, एकआपसमा र सृष्टिसँगको मेलमिलापमा रही जीवनको पूर्णतामा आनन्दित भएको एउटा रूपान्तरित समाज ।

## मिसन

सर्वाङ्गीण सेवा, सहभागिता र सशक्तीकरणको माध्यमद्वारा नेपालको पश्चिम खण्डमा रहेका गरिब तथा विपन्न वर्गको जीविकोपार्जन, स्वास्थ्य र समानताका क्षेत्रमा सुधार ल्याउनका लागि स्थानीय समूह तथा निकायहरूसँग मिलेर समुदायको सेवा गरी परमेश्वरको प्रेम देखाउनु ।

## समन्वय, साझेदार तथा सहयोग

नेपाल सरकार तथा विभिन्न सरकारी निकायहरू, पोखरेली ख्रीष्टिय समुदाय र यस अन्तर्गत रहेका समूहहरू, सहयोगी संघसंस्था, समूह तथा व्यक्तिहरूको समन्वय, आर्थिक, प्राविधिक तथा साझेदारी सहयोगले नै असल छिमेकी नेपाल आफ्नो उद्देश्यतर्फ उन्मुख हुन सकेको छ ।

## कार्यकारिणी समितिका पदाधिकारीहरु

निम्नानुसारका व्यक्तिहरूले ३ वर्षका लागि कार्यकारिणी समिति र सल्लाहकारका जिम्मेवारीहरू सम्हाल्नुभएको छ ।

### पाँचौं (वर्तमान) कार्यकारिणी समितिको नामावली :

अध्यक्ष : श्री भरत बहादुर गुरूङ  
निवर्तमान अध्यक्ष : डा. दीपेन्द्रकुमार गौतम  
उपाध्यक्ष : श्री मुक्तिनाथ ढकाल  
सचिव : श्री प्रकाश घर्ती  
कोषाध्यक्ष : श्री पूर्णलाल कायस्थ  
सदस्य : श्री नर बहादुर परियार  
सदस्य : श्री प्रदीपकुमार ढुङ्गाना  
सदस्य : श्री अर्जुन भण्डारी  
सदस्य : श्री विष्णुकुमारी गुरूङ  
सदस्य : श्री दुर्गा गुरूङ  
सदस्य : श्री बिन्दु रानाभाट राई  
सदस्य : श्री रिचल घिमिरे

सल्लाहकार  
श्री राम बहादुर रोकाहा  
श्री के. पी. त्रिपाठी  
श्री वेद बहादुर तामाङ  
श्री ग्रीष्मकेशव पराजुली  
श्री भवीन्द्र राना

आमन्त्रित  
श्री हरिराम घिमिरे  
(संयोजक : पोखरेली ख्रीष्टिय समुदाय विपद् व्यवस्थापन समिति)  
श्री शान्ति थापा वैद्य  
(प्रतिनिधि : सेवाग्राही)

# संस्थाको सुशासनीय व्यवस्था

संस्थाको सुशासन, कामकारबाहीलाई चुस्त दुरूस्त राख्न, पारदर्शिता कायम गर्न, समतामूलक तथा समावेशी कार्यशैली अवलम्बन गर्न सुशासनीय व्यवस्था छन् ।

## कार्यसमितिको बैठक

आर्थिक वर्ष २०७४/०७५ मा संस्थाको कार्यकारी समितिको बैठक छ पटक बसेको थियो । संस्थाको नियमित कार्यसम्पादनमा हुने विभिन्न निर्णयहरू लगायत, कार्यकारी समितिबाट भएको विशेष गरी संस्थाको आफ्नै जग्गा किन्ने निर्णयलाई यथाशीघ्र कार्यान्वयनमा अगाडि बढाउने, संस्थाका तत्कालीन नीति नियमहरूको परिमार्जन तथा नयाँ नीतिनियमहरूको निर्माण गर्ने निर्णयहरू भएका थिए । संस्थाको कामलाई छिटोछरितो रूपमा निर्णय तथा कार्यान्वयन गर्नको लागि कार्यकारी समिति सदस्यहरू मध्येबाट बनेको उपसमिति (आई टि र सपोर्ट) समूहको बैठक २४ पटक बसेको थियो । यसरी उपसमितिबाट गरिएका निर्णयहरू कार्यकारी समितिको बैठकबाट अनुमोदन तथा पारित गरिएको थियो ।

संस्थाले गर्दै आएका काम कारबाहीहरूको प्रत्यक्ष स्थलगत अवलोकन, कार्यक्रमहरूको प्रभावकारिता सन्दर्भमा सम्बन्धित लाभग्राहीहरू र विभिन्न सरोकारवालाहरू निकायसँग अन्तरक्रिया तथा कर्मचारीहरूको कार्यशैलीको अनुगमन विभिन्न चरणहरूमा भएको थियो ।

## सामाजिक लेखाजोखा

संस्थाले नेपाल सरकारको गैरसरकारी संस्था परिचालन नीति अनुरूप सुशासनको एउटा महत्वपूर्ण अंग ठानेको सामाजिक लेखाजोखा विधिलाई यो वर्ष पनि निरन्तरता दिई १२ माघ, २०७४ मा सम्बन्धित सरोकारवालाहरूको उपस्थितिमा सम्पन्न गरेको थियो । कास्की जिल्लाबाट निर्वाचित सांसद तथा वर्तमान केन्द्रीय सरकारका माननीय खेलकुद मन्त्री श्री जगत विश्वकर्माज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त कार्यक्रमलाई यस विषयमा लामो समयको अनुभव सँगाल्नुभएका नेष्ट संस्थाका कार्यकारी निर्देशक श्री कृष्ण प्रसाद अवस्थीज्यूले सहजीकण गर्नुभएको थियो । संस्थाको परियोजना तथा कार्यक्रम स्थलहरूको स्थलगत अवलोकन, लाभग्राही तथा सरोकारवालाहरूसँग प्रत्यक्ष अन्तरक्रिया, संस्थाको कार्यकारिणी समिति तथा कर्मचारीहरूसँगको अर्न्तक्रिया, संस्थाका कागजात तथा संस्थाले अवलम्बन गरेका नीतिनियमहरू लगायत अन्य सम्बन्धित विषयहरूमा अध्ययन अनुसन्धान गरी उक्त कार्यक्रममा प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रमबाट आएका पृष्ठपोषण तथा सुझावहरूलाई समाहित गरी असल छिमेकी नेपालको सामाजिक लेखाजोखा प्रतिवेदन २०७४ तयार गर्नुभयो । सामाजिक लेखाजोखाको समग्र जसमा गोरखा, नवलपरासी र कास्की जिल्लाबाट विभिन्न सरकारी निकाय प्रमुख, जनप्रतिनिधिहरू, लाभग्राहीहरू तथा संस्थासँग आवद्ध प्रतिनिधिहरूको सक्रिय उपस्थिति रहेको थियो ।

## आन्तरिक लेखा परीक्षण

संस्थाले वार्षिक आन्तरिक परीक्षण पि. आर. पराजुली एण्ड एसोसिएट्सबाट गराएको थियो । आन्तरिक लेखापरीक्षणको क्रममा संस्थाको कार्यक्षेत्र तथा सरोकारवालाहरूसँग अवलोकन र अन्तरक्रिया समेत गरेको थियो । संस्थाले लेखापरीक्षकबाट आएका सुझावहरूलाई सकारात्मक रूपमा लिई सुधारको लागि ठोस कदम सहित अगाडि बढिरहेको छ ।

## दैनिक उत्प्रेरणा

कार्यालयको काम सुरू गर्नु अघि सबै कर्मचारीहरू भेला भई हिजोको दिनमा भएका र त्यस दिन हुने मुख्य–मुख्य कामहरूका बारेमा छलफल र पुनरावलोकन आ–आफ्नो काममा लागिन्छ । हरेक महिनाको पहिलो सोमबारका दिन विशेष समय राखिन्छ र यस दिन असल छिमेकी नेपाल अन्तर्गत सञ्चालित कार्यक्रमहरू, संस्थाका अगुवाहरू, समुदाय, समूहहरू, विशेष पुनरावलोकन गर्ने गरिन्छ ।

## सञ्चालित कार्यक्रम तथा परियोजना सिंहावलोकन

असल छिमेकी नेपालले आर्थिक वर्ष २०७४/७५ मा समाजका विपन्न र सीमान्तकृत वर्गको जीविकोपार्जन, स्वास्थ्य र समानताको क्षेत्र तथा प्राकृतिक विपद्बाट प्रभावित समुदायलाई राहत साथै पुननिर्माण/पुनर्स्थापनाका लागि कास्की, गोरखा र नवलपरासी जिल्लामा विभिन्न कार्यक्षेत्रमा योगदान पुऱ्याएको छ । गत आर्थिक वर्षमा असल छिमेकी नेपालले नियमित र विपद् प्रतिकार्य सहयोगी कार्यक्रम अन्तरगत तपसिल बमोजिमको परियोजना बनाई कार्य गरेको थियो ।

## नियमित कार्यक्रमतर्फबाट

समाजमा जातीय, वर्गीय तथा अन्य विभिन्न आधारमा छेउ पारिएका सीमान्तकृत समुदायको जीवनस्तर उकास्नका लागि असल छिमेकी नेपालले विगत १५ वर्षदेखि कास्की र नवलपरासीका समुदायहरूमा स्वावलम्बन समूहमा भएका गरिब तथा पिछडिएका वर्गहरूको जीविकोपार्जनको लागि बचत तथा लगानीका क्षेत्रमा विशेष तालिम प्रदान गरी त्यसलाई व्यावसायीकरण गर्न समुदायमै रहेका स्रोत र साधनको प्रयोग गर्न उनीहरूको क्षमता विकास गरी जीवनस्तर र आय आर्जनमा वृद्धि गर्ने जस्ता क्रियाकलापहरू समुदाय सशक्तीकरण र जीविकोपार्जन कार्यक्रम अन्तर्गत सञ्चालन हुन्छन् भने, महिला स्वास्थ्य सम्बन्धी सचेतना, महिला तथा बालबालिका स्वास्थ्य क्याम्पहरू सञ्चालन गर्ने, स्वास्थ्य सुधारमा पहुँचको लागि पैरवी गर्ने, रक्सी तथा लागूपदार्थ प्रयोगकर्ता महिलाहरूका लागि उपचार तथा पुनर्स्थापना कार्यक्रम, शुद्ध खानेपानी तथा सरसफाइको निम्ति सचेतना, धारा तथा शौचालय निर्माणमा सहयोग पुऱ्याउने जस्ता क्रियाकलापहरू स्वास्थ्य प्रवर्द्धन कार्यक्रम अन्तर्गत सञ्चालन हुँदै आएका छन् ।

१) समुदाय सशक्तीकरण तथा जीविकोपार्जन कार्यक्रम
२) स्वास्थ्य प्रवर्द्धन कार्यक्रम
३) नवजीवन उपचार तथा पुनर्स्थापना कार्यक्रम
४) बाल संरक्षण कार्यक्रम

## विपद् प्रतिकार्य (रेस्पोन्स) कार्यक्रम (DRAP) तर्फबाट

**१) आपतकालीन तथा पुनर्स्थापना कार्यक्रम**

- १.१) पहिरो प्रभावितहरूलाई सहयोग कार्यक्रम
- १.२) बाढी प्रभावितहरूका लागि राहत तथा पुनर्स्थापना कार्यक्रम

**२) पुनर्निर्माण र पुनर्स्थापना कार्यक्रम, गोरखा**

- २.१) सार्वजनिक भवन पुनर्निर्माण कार्यक्रम
- २.२) जीविकोपार्जन तथा स्वास्थ्य कार्यक्रम
- २.३) स्वयंसेवक परिचालन तथा विकास कार्यक्रम
- २.४) दक्ष जनशक्ति तालिम कार्यक्रम
- २.५) व्यक्तिगत आवास पुनर्निर्माण सहायता कार्यक्रम

# ACN Functional Organogram



# नियमित कार्यक्रम तर्फ

## १. जीविकोपार्जन तथा सशक्तीकरण कार्यक्रम

कार्य क्षेत्र : कास्की र नवलपरासी

लक्षित वर्ग : सीमान्तकृत जाति, महिला, समुदाय

समुदाय विकासको उद्देश्य लिएर असल छिमेकी नेपालद्वारा गठन गरिएका समूहसँग मिलेर समुदायमा भएका आवश्यकताहरूको पहिचान गर्न र समुदाय आफैले समुदायमा रहेका स्रोत र साधनको प्रयोग गरी यी आवश्यकताहरूको समाधान गर्न समुदाय सशक्तीकरण तथा जीविकोपार्जन कार्यक्रमले पश्चिमाञ्चल क्षेत्रका कास्की र नवलपरासी जिल्लाका विभिन्न गाउँपालिका साथै वडाहरूमा पछाडि पारिएका जाति, लिङ्ग, समूह र समुदायलाई सहयोग पुऱ्याउने गरेको छ। यस कार्यक्रम अन्तर्गत समुदायमा तथा चर्चमा आधारित मुख्य समिति र स्वावलम्बन समूहहरू गठन गरी स्वावलम्बन समूहद्वारा बचत तथा लगानी कार्यलाई अघि बढाइएको छ।

यस कार्यमा हाल कास्कीमा १७ र नवलपरासीमा १८ समूह गरी जम्मा ३५ समूह रहेका छन्। नवलपरासीमा सक्षम ३ वटा समूहहरूलाई जिम्मेवारी हस्तान्तरण गरिएको छ। नवलपरासीमा २० जना र कास्कीमा ५ जनाले परिक्रमा कोषको परिचालन गरी आयमूलक व्यवसायहरू सञ्चालन गरेका छन्।

| कार्यक्रम | सूचक | कास्की | | नवलपरासी | |
|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि |
| व्यवसायिक तालिम (सिलाइकटाइ, अचार बनाउने, साबुन बनाउने, हस्तकलाका सामग्री, आदि) | क्रियाकलाप संख्या | १ | १ | १ | २ |
| | लाभान्वित संख्या | १५ | १५ | १५ | १५ |
| कृषिमा आधारित करेसाबारी/ पशुपालन तालिम | क्रियाकलाप संख्या | २ | २ | २ | २ |
| | लाभान्वित संख्या | ४० | ४० | ४० | ५६ |
| लघु व्यवसायको लागि लगानी प्रत्यायोजन | क्रियाकलाप संख्या | ४ | ४ | ४ | २ |
| | लाभान्वित संख्या | ६० | ६० | ६० | ५७ |
| अधिकारमा आधारित तालिम तथा अभिमुखीकरण | क्रियाकलाप संख्या | १७ | ११ | १७ | ११ |
| | लाभान्वित संख्या | ३०५ | ३२० | ३८२ | ३९२ |
| विपद् व्यवस्थापन तथा पूर्वतयारी सम्बन्धी तालिम तथा सचेतना | क्रियाकलाप संख्या | ४ | ९ | ४ | ४ |
| | लाभान्वित संख्या | १०० | १८० | १०१ | १६१ |
| निरन्तर साक्षरता कार्यक्रम | क्रियाकलाप संख्या | २ | | २ | |
| | लाभान्वित संख्या | ३० | | ३० | |
| समूह तथा संस्था विकास तथा व्यवस्थापन तालिम | क्रियाकलाप संख्या | ८ | ८ | ८ | ८ |
| | लाभान्वित संख्या | २०० | २०० | २०० | २२९ |
| समुदाय भवन निमार्ण सहयोग | क्रियाकलाप संख्या | १ | २ | ० | २ |
| | लाभान्वित संख्या | | | | १२८ |
| अवलोकन भ्रमण | क्रियाकलाप संख्या | १ | | १ | |
| | लाभान्वित संख्या | २० | | २६ | |

# अवसर

कावासोती नगरपालिका वडा नं १५ शेरगन्जमा बस्ने भूमिका महतो एक गरिब परिवारकी सदस्य हुन् । उनको घरमा बुबा, आमा र उनकी एक बहिनी गरी चार जना बस्दछन् । बुबाको नाम इन्द्र बहादुर महतो आमाको नाम कुमारी महतो र बहिनीको नाम पुष्पा महतो हो। हाल १९ वर्ष पुगेकी उनले एस.एल.सी सम्म पढेकी छिन् । घरमा खेती किसानी गरेर उब्जेका खेतीबालीले वर्षभरि खान पुग्दैनथ्यो त्यो परिवारलाई । त्यसैले उनका बुबा इन्द्र बहादुरले चर्को घाम, गर्मी तथा कठिन समयमा पनि अरूको घर बनाउने काम गरी घरमा खान र लाउन तथा अन्य सामग्रीको जोहो गर्दथे । भूमिका महतोलाई एस.एल.सी. पछि अरू धेरै पढेर समाजमा राम्रो काम गरी देखाउने चाहना हुँदा हुँदै पनि उनको घरको कमजोर आर्थिक अवस्था भने ठूलो पर्खाल बनी उनको अगाडि खडा भएको थियो । त्यसैले उनी आफ्नो घरको अवस्था र आफू स्वयम्सँग पनि आयआर्जनको कुनै स्रोत नभएकोमा निराश र चिन्तित थिइन् । यसै बीच आफु जस्तै केही गर्ने चाहना हुँदाहुँदै पनि गरिबी तथा अन्य कारणले गर्न नसकेका र दबिएर रहेका महिलाहरूलाई माथि उठाउन र स्वआर्जन गर्न असल छिमेकी नेपालले स्वयम्सेविका समूह गैरीटोल ज्योति समूह गठन गरेको कुरा थाहा पाएपछि उनले पनि उक्त समूहमा आफ्नो नाम दर्ता गराइन् ।

समूहमा बस्न अगाडि कुनै नयाँ व्यक्तिसँग कुरा गर्न लजाउने, डराउने र आफु अत्यन्तै रूपियाँ पैसाको आवश्यकता पर्दा पनि कसैसँग पैसा माग्न डराउँथिन् । तर जब उनी महिला समूहमा नाम दर्ता गराई विभिन्न कार्यक्रम तथा तालिमहरूमा सहभागी भइन्, त्यहाँबाट सिकेर उनी धेरै जनाका बीचमा पनि आफ्नो परिचय दिन र नडराई राम्रोसँग कुराकानी पनि गर्न सक्ने भइन् । कामहरूबाट आएका केही रूपैयाँ समूहमा बचतका रूपमा राख्न थालिन् र अब घर र आफ्ना आवश्यकताहरू पूरा गर्न थालिन् । त्यसै क्रममा उक्त समूहका दिदिबहिनीहरू बीच असल छिमेकी नेपालबाट ६ महिने आधारभूत सिलाइकटाइ तालिम सञ्चालन भयो । यो उनको लागि ठूलो अवसर भयो । त्यस पश्चात् केही समयपछि उक्त समूहमा फेरि पनि असल छिमेकीबाट नै दोस्रो तहको सिलाइकटाइ तालिम सञ्चालन भयो ।



यसले गर्दा उनको लुगा सिलाउने सीपमा अझ निखारपन आउनुका साथै कति नजानेका कुराहरू सिक्ने अवसर पाइन् । आफूले सिकेको सीपलाई व्यवस्थित गर्नको लागि उनले Small Business Training मा सहभागी हुने मौका पाइन् । तालिममा सहभागी भए पश्चात् पसल राखेपछिको अवस्था, खर्च, आम्दानी, बचत, ग्राहकसगँको सम्बन्ध कस्तो हुनुपर्छ भन्ने बारेमा सिक्ने मौका पाइन् । कपडा सिलाउने सीप र पारिवारिक व्यवसाय तालिम दुवै लिएपछि उनमा गर्न सक्छु भन्ने आँट आयो । सिलाइ कटाइ तालिमले उनलाई सीप प्रदानका साथै अन्य तालिमहरूले व्यवसायका बाटोहरू उनलाई देखाएको थियो । त्यसैले अब पहिले जस्तै बेरोजगार बस्ने होइन केही गर्नुपर्छ भन्ने सोचले आफू बसेको घरको केही तलको गाउँ बाघखोरमा एउटा कोठा भाडामा लिइ कपडा पसल राखिन । सुरूवातमा पसल चल्छ कि चल्दैन, घाटामा जाने हो कि भन्ने डर लागेको थियो तर आफूले तालिम लिएको र लुगा सिलाउने राम्रो सीप भएको कारण उनमा उत्साह जागेर आयो । नभन्दै पसल एकदमै राम्रोसँग चल्न थाल्यो । यसरी सञ्चालित व्यवसायबाट हाल उनी मासिक रू. २,००० देखि २,५०० को लागतमा रू ८,००० देखि रू १०,००० सम्म आम्दानी गर्छिन् ।

# २. स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

कार्य क्षेत्र : कास्की र नवलपरासी

लक्षित वर्ग : सीमान्तकृत जाति, महिला, समुदाय

असल छिमेकी नेपालको स्वास्थ्य सचेतना र स्वास्थ्य प्रवर्द्धन कार्यक्रमद्वारा समुदय र समूहहरूको आवश्यकता र माग अनुसार स्वास्थ्य सम्बन्धी विभिन्न विषयहरूमा सचेतना जगाउने गरिएको छ । यस कार्यक्रमबाट विशेष गरेर एच. आई. भी/एड्स, लागूपदार्थ दुरूपयोग तथा असरहरू, यौनजन्य सङ्क्रमण, पायल्स, पाठेघरको समस्या र अन्य सामान्य प्रकारका रोगहरूबारे साथै व्यक्तिगत तथा वातावरण सरसफाइ र संरक्षणको विषयमा सचेतना फैलाउने काम गरिएको छ । यस कार्यक्रमले सीमान्तकृत समुदायमा रहेका विद्यालयहरूमा पनि व्यक्तिगत सरसफाइको विषयमा कक्षाहरू लिने गरिएको छ । सिकेका कुरालाई व्यवहारमा ल्याउनका लागि यस कार्यक्रमले विद्यालयहरूमा हात धुने ठाउँको पनि निर्माण गरेको छ ।

एच. आई. भी सङ्क्रमित तथा प्रभावितहरूका हेरचाह तथा सहयोग कार्यक्रम पनि यसै कार्यक्रम अन्तर्गत पर्दछ । त्यस्तै गरी, आर्थिक रूपमा विपन्न व्यक्तिलाई दुःख विमार पर्दा आवश्यक हेरचाह साथै उपचारमा पैरवी गर्ने गरिन्छ ।

कार्यक्रमको संख्यात्मक विवरणः

| कार्यक्रम | सूचक | कास्की | | नवलपरासी | |
|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि |
| महिला स्वास्थ्य र लागूपदार्थ विषयमा जनचेतनामूलक शिक्षा | क्रियाकलाप संख्या | १२ | १० | १२ | १० |
| | लाभान्वित संख्या | ४०० | ४५१ | ४०० | ४७५ |
| स्वास्थ्य सुधारमा पहुँचको लागि पैरवी गर्ने | लाभान्वित संख्या | ५ | ६ | ५ | ४ |
| स्वास्थ्य तथा सरसफाइ | | | | | |
| हात धुने ठाउँ निर्माण | क्रियाकलाप संख्या | १ | २ | १ | २ |
| | लाभान्वित संख्या | १५० | ९०० | १५७ | ९१३ |
| खाने पानी निर्माणमा सहयोग | क्रियाकलाप संख्या | १ वटा | ५ वटा | १ वटा | ६ वटा |
| | लाभान्वित संख्या | | | ४४ घरधुरी २३४ जना | ४० घरधुरी १९२ जना |
| शौचालय | क्रियाकलाप संख्या | | ८ वटा | | ९ वटा |
| | लाभान्वित संख्या | | ८ घरधुरी | | ९ घरधुरी ४३ जना |
| WASH सचेतना कार्यक्रम | क्रियाकलाप संख्या | ४ | ३ | ४ | ४ |
| | लाभान्वित संख्या | २०० | २७२ | २०० | २६६ |
| WASH शिविर | क्रियाकलाप संख्या | २ | | २ | |
| | लाभान्वित संख्या | ४०० | | ३९८ | |
| समन्वय तथा सञ्जाल | क्रियाकलाप संख्या | १ | | १ | |

# चर्पी निर्माणले ल्याएको सहजता

नवलपरासी जिल्लाको कावासोती नगरपालिका ३ मा पर्ने ज्योतिनगर एउटा सुन्दर गाउँ हो जहाँ विभिन्न जातजातिका मानिसहरूको बस्ती रहेको छ । उक्त गाउँको एक बासिन्दा हुन् ६० बर्षीय मनमाया बि. क., जो श्रीमान, २ छोरा २ बुहारी र ४ नातिनातिना गरी १० जनाको परिवारमा बस्छिन् । धेरै जग्गा जमिन नभएको तथा आयस्रोत नभएकोले भएका छोराछोरीलाई पालनपोषण गर्न र दिनचर्या अगाडि बढाउन एकदमै गाह्रो हुन्थ्यो मनमायालाई । एक त गरिब परिवार र अर्कोतिर अशिक्षा तथा अज्ञानताले दिनुसम्म दुःख दिएको थियो । त्यस अवस्थामा समाजबाट पनि घृणा र अवहेलना सहनुपर्दा ज्यादै पीडा हुन्थ्यो । आफ्नो वरिपरिको वातावरण सफा भएको हेर्न र आफू स्वस्थ हुन मन कसलाई लाग्दैन र तर आर्थिक रूपमा कमजोर भएकै कारण जसो तसो साँझ बिहानको छाक टारे तापनि दिसापिसाब गर्नको लागि कहिले खोला तिर त कहिले एकान्त जङ्गल त कहिले अँध्यारो कुर्नुपर्ने बाध्यताले ज्यादै सताएको थियो भने कहिले काहीँ अर्काको चर्पी प्रयोग गर्दा "आफै चर्पी बनाउनु नि" भनी सुझाव दिने त कसैले चर्पीमा दिसापिसाब गर्न नदिई गाली गरेर पठाउने जस्ता कठिनाइ भोगी रहँदा मनमायालाई चर्पी बनाउने भन्ने सोच नभएको होइन तर समस्या हो, घरको आर्थिक अभाव र गरिबी । बाहिर दिसापिसाब गऱ्यो भने फोहोर हुन्छ भन्ने कुरा उहाँलाई थाहा थियो ।

घरमा चर्पी नभएकोले बिभिन्न समस्या दिसापिसाब गर्न समस्या र कामहरू गर्न पनि कठिनाई हुन्थ्यो । त्यो परिवारलाई दिसापिसाबका लागि एकान्त ठाउ, जङ्गल, खोला छेउ धाउदा काम गर्ने समय नष्ट हुने, लाज र डरका साथ दिसापिसाब गनुपर्ने, बिभिन्न विषालु तथा खतरनाक जीवको खतरा र समयमा



एकदमै समस्या हुन्थ्यो । त्यस ठाउँमा असल छिमेकी नेपालले सामुदाय शसक्तीकरण तथा जिविकोपाजर्नको क्षेत्रमा काम गरिरहेको र त्यस ठाउँमा महिला समूह गठन गरेको कुरा थाहा पाउनुभयो र फाइदाहरू बुझेपछि त्यसै दिन उहाँले समूहमा बस्ने निर्णय गर्नुभयो । आफ्नो आर्थिक स्तर कमजोर रहेको जानकारी गराउँदै शौचालय निमार्णका लागि सहयोग गरिदिन भनी असल छिमेकी नेपालबाट निर्मित ज्योतिनगर कार्य समूह मार्फत उक्त सस्थामा निवेदन दिनुभयो । यसरी उहाँले निवेदन दिएपछि त्यस समूहका अरू महिला जस्तै उहाँको घरमा पनि शौचालय निर्माणका लागि असल छिमेकी नेपालले सहयोग गऱ्यो । यसरी उहाँको घरमा शौचालय निर्माण भए पछि उनका परिवार ज्यादै खुसी भए । अब उनी र उनका परिवार सधैं चर्पीमा दिसापिसाब गर्छन् र अरूलाई पनी दिसापिसाब चर्पीमा गर्नुपर्छ भनी सिकाउँछन् । अब दिसापिसाब गर्न टाढा, एकान्त ठाउँ तथा जङ्गलतिर जान नपर्दा ज्यादै सजिलो भएको र घरका कामहरू गर्न सरल र समयको बचत भएको छ । यसरी उहाँले आफ्नो घर वरिपरि वातावरण सफा राख्दै उक्त समूह र सस्थाबाट सञ्चालित विभिन्न तालिमहरू र कार्यक्रमहरू सक्रियता पूर्वक लागी परेकी छन् । अहिले घरको दिनचर्या सहज तरिकाबाट सञ्चालित गर्ने बाटो पहिल्याउनु भएको छ ।

# ३. महिलाहरुका लागि नवजीवन उपचार तथा पुनर्स्थापना कार्यक्रम

कार्य क्षेत्र : कास्की साथै नेपालभरिका र नेपाल बाहिर पनि

लक्षित वर्ग : लागूऔषध तथा रक्सी प्रयोगकर्ता महिलाहरू

नवजीवन उपचार तथा पुनर्स्थापना कार्यक्रमबाट धेरै महिलाले उपचारपछि पुनस्थापित जीवन जिउन सक्ने भएका छन् । हालसम्ममा आवासीय कार्यक्रममा १४८ जनाले भर्ना भई सेवा लिएका छन् भने ९९ जनाले उपचारपश्चात् परिवार र समाजमा सामान्य जीवन यापन गरिरहेका छन् । त्यस्तै ८५ जनाले लागूऔषधरहित जीवनलाई निरन्तरता दिँदै ३ देखि १० वर्ष लामो लामो लागूऔषध विना जिउन सफल भएका छन् साथै समाज र परिवारमा उदाहरणीय जीवन बिताएका छन् ।

नवजीवन उपचार तथा पुनर्स्थापना कार्यक्रम अन्तर्गत लागूऔषध र रक्सीको लतमा परेका महिलाहरूलाई बाह्य सम्पर्कमा भेटघाट गर्ने, उनीहरूको समस्यालाई सुनिदिने, स्वास्थ्य उपचारमा सहयोग प्रदान गर्ने, आवश्यक मनोसामाजिक गोप्य परामर्श र परेको खण्डमा उनीहरूको हक अधिकारको लागि बोलिदिने काम हुन्छ । आवास गृहमा भएका महिलाहरूको परिवारहरूसँग आवश्यक सूचनाहरू र परामर्श प्रदान गर्ने र उपचार पश्चात् आउने जोखिमहरूलाई न्यूनीकरण गर्दै परिवार र समाजले पुऱ्याउनु पर्ने योगदानको बारेमा छलफल गर्ने गर्छ जसको कारण परिवारहरूले पनि लागूऔषधमा फस्नुको कारणलाई राम्ररी बुझ्ने र उपचारमा रहेका सदस्यलाई माया, वास्ता र सकारात्मक तरिकाले बुझिदिने र योजना निर्माणमा चासो लिने गर्छन् । आवासगृहमा भर्ना भएका सेवाग्राहीहरूलाई दैनिक जीवनका व्यवहारिक सिकाइ, आयआर्जनको लागि विभिन्न हस्तकलाका सीप सिकाउने र सिलाइकटाइ सम्बन्धी तालिमहरू प्रदान गर्ने गरिन्छ । उपचार पश्चात् अत्यन्त जोखिममा रहेका महिलाका लागि रोजगारको खोजी तथा व्यवस्थाको लागि सहायता गर्ने काम पनि यस कार्यक्रमबाट गरिएको थियो ।

कार्यक्रमको संख्यात्मक विवरण:

| कार्यक्रम | सूचक | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| बाह्य सम्पर्क | | | |
| बाह्य सर्म्पकमा भेटिएका सेवाग्राहीहरू नयाँ र पुराना | सेवार्थी संख्या | १८० | १८८ |
| बाह्य सर्म्पकमा सेवाग्राहीहरूलाई अनुगमन र परामर्श | क्रियाकलाप संख्या | २७० | २८१ |
| पारिवारिक भेटघाट, परामर्श र बैठक | सदस्य संख्या | १८० | २२६ |
| सेवार्थीहरूसँग भेटघाट कार्यक्रम | क्रियाकलाप संख्या | ४ | ५ |
| | सेवार्थी संख्या | ६० | ८० |
| किशोरकिशोरी र समुदायका आमा समूहलाई लागूऔषध जनचेतना | क्रियाकलाप संख्या | १३ | १३ |
| | सेवार्थी संख्या | ५२७ | ५९१ |
| अल्कोहल एनोनिमस बैठक सेवाग्राहीहरूको लागि | क्रियाकलाप संख्या | १० | १० |
| नवलपरासीमा बाह्य सम्पर्क | क्रियाकलाप संख्या | ३ | ३ |
| | सेवार्थी संख्या | ७० | १०० |
| नवलपरासीमा लागू औषध सेवन सम्बन्धी सचेतना | क्रियाकलाप संख्या | ३ | ३ |
| | सेवार्थी संख्या | ६० | १७९ |
| आवासीय कार्यक्रम | | | |
| सेवाग्राही भर्ना | सेवार्थी संख्या | १८ | २० |
| ३ महिना उपचार अघि पूरा गर्नेहरू | सेवार्थी संख्या | १२ | १९ |
| पुनर्स्थापित भएका सेवार्थी | सेवार्थी संख्या | ९ | १२ |
| सेवार्थी अवलोकन भ्रमण | क्रियाकलाप संख्या | ४ | ४ |
| पुनर्स्थापित सेवार्थीलाई रोजगार | सेवार्थी संख्या | २ | २ |
| सेवार्थीहरूलाई प्रौढ शिक्षा तथा पढ्नको लागि सहयोग | सेवार्थी संख्या | ९ | १४ |
| स्वास्थ्य जाँच | क्रियाकलाप संख्या | ४२० | ४४० |
| मनोसामाजिक परामर्श | क्रियाकलाप संख्या | ३८४ | ३९६ |
| हस्तकला तथा सीप सिकाइ | क्रियाकलाप संख्या | २१६ | २३३ |
| | सेवार्थी संख्या | २४ | २४ |
| शैक्षिक कक्षा | क्रियाकलाप संख्या | १७६ | १८४ |
| सेवार्थीका बालबालिकालाई विद्यालयको लागि सहयोग | बालबालिका संख्या | ४ | ७ |

# परिवर्तित जीवन

म श्रृष्टि राना सुनार (नाम परिवर्तन), २६ वर्षको भएँ । म तनहुँ जिल्लाको एउटा गरिब मगर परिवारमा जन्मे । मेरो परिवारमा ३ जना सदस्यहरू हुनुहुन्छ । मेरो बाबा म सानो छँदा नै बित्नुभयो त्यसपछि आमाले निकै संघर्ष गरेर मलाई एस. एल. सी. सम्म पढाउनु भयो । एस. एल. सी. पछि म एउटा स्कुलमा पढाउन थाले र आफू पनि पढ्ने गरे । मैले १२ कक्षा पूरा गरेपछि अन्तरजातीय प्रेम विवाह दलित परिवारमा गरें । मेरो श्रीमान्ले मलाई धेरै माया गर्नुहुन्थ्यो, परिवारमा खुशी थिएँ र शिक्षण पेशालाई निरन्तरता दिँदै थिएँ । दिनहरू बित्दै जाने क्रममा कहिलेकाहीं स्कुलमा पार्टीहरू हुँदा मैले रक्सीको स्वाद चाखेको थिएँ । पछि श्रीमान विदेश कमाइ गर्नको लागि जानुभयो । मेरो एउटा छोरा पनि जन्मियो । त्यसपछि मैले शिक्षण पेशालाई छोडेर बच्चा रेखदेख र घरपरिवारमा सहायता गर्ने गरे । पछि श्रीमानको अनुपस्थितिमा परिवारका सदस्यहरूबाट नराम्रो वचनले कराउने, गाली गर्ने, हेला गर्ने क्रियाकलाप हुन थाल्यो । आफू अपहेला भएको अनुभव गर्न थाले । अनि मनमा अशान्तिले छाउन थाल्यो । पटक पटक आमा, बहिनीहरूबाट नराम्रो शब्दहरू सुन्दा र व्यवहार हुँदा आफूलाई केही क्षण भए पनि मनमा शान्ति ल्याउन भनौं या चिन्ता मुक्त हुन मैले रक्सी पिउन थाले । यसरी नै दिनप्रतिदिन पीर चिन्ताका साथ रक्सीको मात्रा पनि बढ्दै गयो । आखिरमा मेरो शारीरिक अवस्था निकै कमजोर भयो । धेरैजसो बिरामी पर्ने गर्थें । यही कुरा मेरो श्रीमान्ले थाहा पाएर उहाँ विदेशबाट फर्की आउनुभयो र मेरो उपचारको लागि असल छिमेकी नेपालको नवजीवन उपचार केन्द्रमा ल्याएर भर्ना गरी राखिदिनु भयो । नवजीवन उपचार केन्द्रमा ३ महिना उपचारमा रहँदा मैले आफूलाई फर्केर हेर्ने मौका पाएँ । रक्सीको लतबाट भएका असरहरू र यसको परिणाम मैले भोगिरहेको रहेछु । उपचारकेन्द्रमा दिने परामर्श कक्षा, शैक्षिक कक्षाले मेरो वास्तविक समस्यालाई पहिचान गर्न र मलाई निको हुन धेरै मद्दत गऱ्यो । यहाँ आएपछि पहिलो कुरा त म शारीरिक अवस्थामा राम्रो भएको छु । मैले रक्सी खाएर चिन्ता मुक्त हुन्छु भन्ने सोच्थें तर रक्सीले मलाई खाएर चिन्ता थपिरहेको रहेछ भन्ने कुरा बुझे । आज नशारहित आशापूर्ण जीवन बिताउन सफल भएकी छु । मेरो आत्मसम्मानको वृद्धि, आत्मबलको वृद्धि भएको छ । आफूमा उत्साह पाएको छु जो मेरो लागि महत्वपूर्ण छन् । मैले नवजीवनबाट धेरै व्यवहारिक शिक्षाहरू सिक्न सकें जसले मलाई असल जीवन जीउन, समाजमा असल चरित्र भएकी श्रीमती, छोरी, बुहारी, आमाको जिम्मेवारी वहन गर्न शक्ति प्रदान गरेको छ । मैले सबैसँग नमुना भएर जीवन बिताएको छु । अहिले मेरा साना दुई छोराहरूलाई हुर्काउन र सही शिक्षा दिन सकेको छु । घरपरिवारलाई पहिले जस्तै गरी राम्रोसँग सँभाल्न सकेकी छु । अहिले परिवारको अन्य सदस्यले मलाई जे भने तापनी कुनै असर र फरक पर्दैन । उहाँहरूबाट पनि माया पाएको छु । अहिले आफ्नो पढाई र पुनःशिक्षण पेशाको लागि नेपाल सरकारको शिक्षा आयोगको तयारी कक्षा लिइरहेको छु । परिवार, छोराहरू, आफन्तहरू र श्रीमानको व्यवसायमा धेरै व्यस्त भएको छु । हाल १ वर्षको नशा रहित जीवन बिताउन पाउदा धेरै खुशी लागेका छ । अन्तमा मेरो आशा नभएको निराशापूर्ण जीवनमा फेरि सुनौलो बिहानी ल्याई नयाँ आशा अनी उमङ्ग थपी नयाँ जिवन जिउन सिकाउनु भएकोमा यस नवजीवन, असल छिमेकी नेपाल, यहाँका सम्पूर्ण कर्मचारीहरूलाई धरै धन्यवाद छ ।

# ४. बाल संरक्षण कार्यक्रम

कार्य क्षेत्र : कास्की र नवलपरासी

लक्षित वर्ग : सीमान्तकृत जाति, महिला, समुदाय

समुदायका बालबालिकाहरूको हितको लागि सञ्चालन गरिएको यस बाल संरक्षण कार्यक्रमले विशेष गरेर सीमान्तकृत समुदायमा रहेका ७ वर्षदेखि १८ वर्षसम्मका बालबालिकाहरूलाई समेटेर बालक्लब गठन गरी बाल अधिकार र बाल संरक्षण सम्बन्धि ज्ञान बढाई बाल अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने गरेको छ । बालक्लबमा रहेका बालबालिकाहरू हप्ताको एक पटक बालक्लबमा उपस्थित भई विभिन्न क्रियाकलापहरू जस्तै चित्र कोर्ने, हाजिरीजवाफ, गीत, कविता र अन्य सिर्जनात्मक साथै मनोरञ्जनात्मक क्रियाकलापहरूमा संलग्न हुने गरेका छन् । यस्ता क्रियाकलापहरूले उनीहरूमा भएको क्षमता, सीप तथा प्रतिभाहरू प्रस्फुटन गर्नुका साथै ऊर्जा थप्न पनि मद्दत गरेको छ । बालबालिकामाथि आइपर्ने हरेक किसिमका जोखिम तथा शोषणबाट बच्न र बचाउन पनि सचेत गराउने गरिन्छ । यस कार्यक्रमले बालबालिका र समुदायलाई बाल अधिकार र बाल संरक्षणप्रति सजग बनाई समुदायमा बालमैत्री वातावरण सृजना गर्न टेवा पुऱ्याएको छ । बालबालिकाहरूको शिक्षा, आधारभूत अधिकार, साथै चौतर्फी वृद्धि र विकासमा सहयोग पुऱ्याउनका लागि उनीहरूका आमाहरूको सीप विकास र क्षमता अभिवृद्धि गर्नुका साथै आय आर्जनद्वारा आर्थिक रूपमा आत्म-निर्भर गराउने उद्देश्यले बालक्लबको बालबालिकाका आमाहरूको समूह गठन गरी परिवारको जीवनस्तर उकास्न र बेरोजगारीको समस्याको न्युनिकरणका लागि रोजगार मूलक कार्यक्रम, व्यवसायिक तालिम र गुणस्तरीय शिक्षाका लागि पहल गरेर बालबालिकाको




जीवनशैलीमा सुधार ल्याउन सहयोग पुऱ्याउनलाई विउपूँजी प्रदान गरी जिविकोपार्जनको लागि सहयोग पुऱ्याएको छ ।

**कार्यक्रमको संख्यात्मक विवरण:**

| कार्यक्रम | सूचक | कास्की | | नवलपरासी | |
|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि |
| बाल क्लब सञ्चालन | क्लब संख्या | २ | २ | २ | २ |
| बाल अधिकार र बाल संरक्षण सचेतनामूलक कार्यक्रम | क्रियाकलाप संख्या | ४ | ४ | ४ | ३ |
| साप्ताहिक क्रियाकलाप | क्रियाकलाप संख्या | ६० | ६४ | ६४ | ४७ |
| बाल अधिकार र दुर्व्यसनी विरुद्ध क्याम्पेन | क्रियाकलाप संख्या | २ | ३ | ३ | २ |
| मानव वेचविखन सम्बन्धी सचेतनामूलक कार्यक्रम | क्रियाकलाप संख्या | ४ | ४ | ४ | ३ |
| व्यवसाय तालिम | क्रियाकलाप संख्या | २ | २ | | |
| आयआर्जन तालिम | क्रियाकलाप संख्या | २ | १ | | |
| बालबालिकाका आमाहरूलाई दिगो जीविकोपार्जनमा सहयोग | क्रियाकलाप संख्या | १० | ७ | | |

# आजका कोपिला भोलिका फूल



नवलपरासी कावासोती शेरगन्ज भन्ने गाउँ, चितवन राष्ट्रिय निकुञ्ज नजिक पर्ने एउटा सुन्दर गाउँ हो जहाँ थारू लगायत माझी, मुसहर, बोटे, बाहुन, क्षेत्री, दलित आदि जातजातिका मानिसहरूको बसोबास रहेको छ । केही समय अगाडिको कुरा हो, उक्त गाउँ उराठलाग्दो बस्ती जस्तो लाग्दथ्यो । मानिसहरू शिक्षा र चेतनाबाट टाढा थिए भने दैनिकी कार्यशैली पुरानै पद्धतिबाट नै चलेको देखिन्थ्यो ।

त्यस्तै उक्त गाउँको एक घरमा त्यहाँका चलनचल्ती र पर्यावरणसँगै लुटुपुटु गर्दै बिस्तारै हुर्किँदै थिए एक बालक आकाश महतो । उनको घरमा आमा दुर्गा महतो बुबा बुद्धि राम महतो र भाइ दिपेश महतो बस्दथे । उनीहरू बसोबास गरिरहेको गाउँ नारायणी नजिक, समथर भू-भागका कारण प्राय बस्तीको पेशा खेती किसानी र नारायणीमा माछा मार्ने नै थियो । मानिसको खेती किसानीको समयमा खेती बारीमा काम गर्थे भने बाँकी समयमा कहिले माछा मार्ने, गाईवस्तु चराउन गोठालो जाने र कतिबेला रमाइलो गर्ने भन्दै साथीभाईहरू जम्मा भई विभिन्न बाजी राख्दै तास खेल्ने र सँगै जाडँरक्सी पनि पिउने गर्दथे । गाउँमा दुई साना विद्यालय भए तापनि पढेर कुनै काम छैन अर्थात छोराछोरीलाई पढाउनु हुँदैन भन्ने त्यस गाउँको मान्यता थियो । तर गाउँमा केही पढेलेखेका तथा विवेकशील मानिसहरू पनि थिए जो गाउँको यस्तो बिग्रिँदो अवस्था र यसले अर्को पुस्ता अर्थात् अहिलेका बालबालिकाहरूमा पार्ने नकारात्मक असरलाई लिएर चिन्तित थिए । त्यस गाउँमा भएका बालबालिका विशेष गरी ५ वर्षभन्दा माथि उमेर समूहका बालबालिकाहरू आफ्ना बाबु आमा तथा साथीहरूको देखासिकी गर्दै चुरोट खैनी हुँदै जाँडरक्सी सेवन गर्न सिक्दै थिए । बिचरा ती अन्जान बच्चाहरूले आफूले के सिक्दै छौं के पिउदै छौं भन्ने ज्ञान नपाउँदै आफूले आफैँलाई खाल्डोमा हालिरहेका थिए । त्यही खतरापूर्ण खाल्डोतर्फ आकाशलाई उनको साथीहरूले तानिरहेको थिए जसले गर्दा उनका अरू साथीहरू जस्तै किशोरावस्था नपुग्दै आफ्नो छोरा पनि कुलतमा लाग्ने हो कि भनी डराइरहेकी थिइन् आकाशकी आमा दुर्गा महतो । यही समस्याले त्यो गाउँका आमा बुबा र बालबालिकाहरूलाई विस्तारै दह्रो गरी समात्दै थियो ।

यसरी कुलतको समस्या बढदै गएपछि त्यस ठाउँमा उक्त समस्या समाधानका लागि असल छिमेकी नेपालबाट बाल सरंक्षण कार्यक्रम सञ्चालन भयो । जस अर्न्तगत त्यस गाउँमा बालक्लब गठन गरी कुलत विरूद्ध सचेतनामूलक कार्यक्रम तथा प्रत्येक हप्ताको शनिबार, अन्य बिदा र बालबालिकाको फुर्सदको समयमा विभिन्न बालमैत्री कार्यक्रमहरू खेल, चित्रकला, वक्तृत्वकला प्रतियोगिता, व्यक्तिगत प्रतिभा प्रस्तुति, सचेतना तथा ज्ञानवर्द्धक शिक्षाहरू प्रदान गर्ने तालिम तथा कार्यक्रमहरू सञ्चालन भयो । जसमा आकाश महतो पनि सुरूदेखि सहभागी भएका थिए ।

गाउँमा बालक्लब नहुँदा र बालक्लब आउनुभन्दा अघि कुनै नयाँ व्यक्तिको सामु बोल्न त के उभिनसम्म लाज मान्थे आकाश महतो । तर जबदेखि आकाश बालक्लब आउन थाले त्यहाँ हुने हरेक क्रियाक्रलापमा सहभागी भई अगाडि गएर स्पष्टसँग नडराई बोल्नुको साथै उनमा जानेको चुट्किला तथा रमाइला कुराहरू गरी साथीहरूलाई मनोरञ्जन गराउने प्रतिभाको विकास भएको छ । उनीसँगैका कतिपय साथीहरू कुलतमा परी खराब जीवन जिइरहँदा "म एक असल व्यक्ति बनेको छु र आफ्नो बाबु आमालाई राम्रो कामबाट खुशी पार्छु" भनी बताउँदछ आकाश ।

# विपद् प्रतिकार्य सहयोग कार्यक्रम (DRAP) तर्फः



प्राकृतिक प्रकोपको जोखिमको सन्दर्भमा कुरा गर्ने हो भने हाम्रो देश नेपाल संसारको दशौं जोखिमयुक्त देश भित्र पर्दछ, तीमध्ये पनि कति देशहरू विकसित देशहरू छन् जहाँ उनीहरूले प्रकोपको राम्रो पूर्वतयारी गर्ने गर्छन् जसले गर्दा प्राकृतिक प्रकोप हुँदा ठूलो मात्रामा क्षति हुन पाउंदैन । यसैको उदाहरण हो २०७२ सालमा आएको भूकम्पले केही जिल्लाका जनजीवनलाई नराम्रोसँग तहसनहस बनाएको घाउलाई थोरै भए पनि मलहम लगाउने काममा असल छिमेकी नेपाल र पोखरेली ख्रीष्टिय समुदाय शुरूवातदेखि नै निरन्तर लागिपरेको छ । सुरूका दिनमा आफ्नो क्षमता र सम्बन्धका आधारमा देशका धेरै जिल्लाहरूमा आफ्नो उपस्थिति जनाउँदै करिब १८,००० परिवारको बीचमा पुग्न सफल भएको थियो भने विपद व्यवस्थापनको चरण अनुसार पछाडि, पुनर्निर्माण र पुनर्स्थापनाको चरणमा आइपुग्दा नेपाल सरकारको विपद् व्यवस्थापन कार्यनीति अनुरूप गोरखा जिल्लालाई कार्यक्षेत्र बनाएरः सार्वजनिक भवनहरू, व्यक्तिगत आवास साथै समुदायलाई फेरि पुरानो अवस्थामा फर्काउनको लागि समुदायको आवश्यकतामा आधारित जीविकोपार्जन तथा स्वास्थ्यका कामहरू गरिंदै आइएको छ । संस्थाले काम गर्ने क्रममा आएका आन्तरिक तथा बाह्य चुनौतीहरूलाई सामूहिक रूपमा सकारात्मक तरिकाले समाधान गर्दै समयमा नै सबै कार्यक्रमहरू सक्न सफल भएको छ । काम गर्ने क्रममा संस्थाले गरेको कार्यलाई सम्बन्धित समुदाय, सरकारी निकायहरूले पनि निकै सराहना गरेका छन् भनेदेखि कामको उचित मूल्याङ्कन सहित सम्मान पनि गर्नुभएको छ । संस्थाको प्रयास, सबै मिलेर परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यतालाई चरितार्थ पार्न सफल बन्न पुगेको छ जसले गर्दा समुदायको र व्यक्तिको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सफल भएको छ ।

त्यसै गरी, कास्की तथा नवलपरासी जिल्लामा गत सालको अविरल वर्षाका कारण गएको पहिरो र बाढीका कारण प्रभावित समुदायलाई तत्कालको आवश्यकताका लागि खाद्य तथा अन्य राहत सामग्री जस्तै जस्ता पाता, त्रिपाल, सरसफाइका सामग्रीहरू, आदि वितरण गऱ्यो भने, दीर्घकालीन समस्या समाधानका लागि WASH र जीविकोपार्जनका क्षेत्रमा सहयोग पुऱ्याइएको छ ।

# १) आपतकालीन तथा पुनर्स्थापना कार्यक्रम

यस कार्यक्रम अन्तर्गत गत वर्ष कास्की जिल्लामा पहिरोबाट प्रभावित समुदाय र नवलपरासीको सरावल गाउँपालिका, पाल्हीनन्दन गाउँपालिका, मध्यबिन्दु नगरपालिका र कावासोती नगरपालिकामा निम्नानुसारका आपतकालीन तथा दीर्घकालीन सहयोग कार्यक्रम सञ्चालन गरियो ।

## १.१) पहिरो प्रभावितहरुलाई सहयोग, कास्की

कार्य क्षेत्र : कास्की

लक्षित वर्ग : पोखरा महानगरपालिकाका पहिरोबाट प्रभावित समुदाय

देशभरि भएको अविरल वर्षाका कारण देशका विभिन्न स्थानहरूमा आएको भूक्षय, पहिरो तथा बाढीका कारण धेरै धनजनको क्षति भएको थियो । पोखरा महानगरपालिका वडा नं ५ धारापानीमा ०२ जुलाई २०१७ गतेका रात १२ बजेको समयमा धारापानीभन्दा करिब ५०० मिटरबाट खसेको पहिरोले तल्लो भेगमा भएको गाउँ बस्ती पूर्ण रूपले प्रभावित भएको थियो । त्यसकारण बस्ने र खानको लागि विकराल अवस्था भएको कारणले असल छिमेकी नेपाल र पोखरेली ख्रीष्टिय समुदाय मिलेर बस्ने स्थान र खानको लागि दुई चरणसम्म गरी १ महिनाको खाद्यान्न, कम्बल वितरण साथै जाडोको समयमा पनि कम्बल वितरण गरेको थियो । साथै, महिला, वृद्ध र विद्यालय पढ्ने बालबालिका समेत दैनिक १,५०० जना व्यक्तिहरू वारपार गर्ने ठूलाखेतमा भएको पुलको मर्मत सुधारमा सहयोग गरियो ।



**कार्यक्रमको संख्यात्मक विवरण:**

| क्र.सं | परिमाणहरू | लाभान्वित घर परिवार संख्या |
|---|---|---|
| १ | तार जाली बक्स | ३१० थान |
| २ | खाद्यान्न सामग्रीहरू | २३ घरधुरी |
| ३ | कम्बल | ३७ घरधुरी |
| ४ | जस्ता पाता | २३ पाता |
| ५ | झोलुङ्गे पुल मर्मत ठूलाखेत | १५०० जना व्यक्तिहरू (विद्यार्थी समेत) दैनिक वारपार गर्ने |

# १.२) बाढी प्रभावितहरुका लागि राहत तथा पुनर्स्थापना कार्यक्रम

कार्य क्षेत्र : नवलपरासी जिल्ला

लक्षित वर्ग : बाढीबाट प्रभावित नवलपरासीका समुदाय

नवलपरासी लगायत तराईका ३५ वटा जिल्लाहरूमा २०७४ श्रावणको २७ गतेबाट परेको अविरल वर्षाले निम्ताएको बाढीका कारण डुवानमा परी १४३ जनाले ज्यान गुमाएका थिए भने झण्डै १७ लाख मानिसहरू प्रभावित भएका थिए ।

यस्तो दर्दनाक र विषम परिस्थितिमा रहेका प्रभावितहरूलाई सहयोग गर्ने हेतुले असल छिमेकी नेपाल र पोखरेली ख्रीष्टिय समुदायको पहल, नवलपरासी इसाई समाजसँगको समन्वय तथा सहकार्य र सरकारी सरोकारवाला निकायहरूसँगको समन्वयमा रही ३ चरणका आपतकालीन प्रतिक्रिया तथा राहत वितरण कार्यक्रमहरू सञ्चालन भएको थियो । पहिलो चरणको राहत वितरणमा विशेषतः खाद्यान्न र सरसफाइ सम्बन्धी सामग्रीहरू वितरण गरिएको थियो । दोस्रो चरणमा खाद्यान्न, सरसफाइ, फिल्टर, त्रिपाल जस्ता कुराहरूलाई ध्यानमा राखेर सामग्रीहरू वितरण गरेको थियो भने तेस्रो चरणमा अपाङ्ग, वृद्धा, गर्भवती तथा सुत्केरी तथा अन्य जोखिममा रहेका मानिसहरूलाई मध्यनजर गर्दै राहत सामग्रीको व्यवस्थापन गरी स्थानीय वडाहरूको समन्वयमा लाभग्राही छनौट तथा राहत वितरण सम्पन्न गरिएको थियो ।



### कार्यक्रमको संख्यात्मक विवरण:

| राहत चरण | स्थान | लक्षित | उपलब्धि |
|---|---|---|---|
| पहिलो चरण | पाल्हीनन्दन गा.पा. वडा नं. १-६, नवलपरासी | ६११ घरधुरी | ६१२ घरधुरी (३६७२ जना) |
| दोस्रो चरण | मध्यबिन्दु न.पा. वडा नं. २, नवलपरासी<br>कावासोती न.पा. वडा नं. १५ र १७, नवलपरासी<br>सरावल गा.पा. वडा नं. ३, ४ र ५, नवलपरासी | १२६० घरधुरी | १२७१ घरधुरी (५६०० जना) |
| तेस्रो चरण | मध्यबिन्दु न.पा. वडा नं. २, नवलपरासी<br>कावासोती न.पा. वडा नं. १५ र १७ नवलपरासी<br>सरावल गा.पा. वडा नं. ६ र ७ नवलपरासी<br>पाल्हीनन्दन गा.पा. वडा नं. १ र ६, नवलपरासी | ११३५ घरधुरी | ११४२ घरधुरी (७००० जना) |
| | कुल लाभान्वित संख्या | ३००६ घरधुरी | ३०२५ घरधुरी |

# समाजको एउटा सदस्य भएछु

*नवलपरासी बाढी प्रभावितहरूको लागि राहत वितरणको क्रममा पाल्हीनन्दन गाँउपालिका वडा नं १ बस्ने भोजराज केवतको अनुभव :*



मेरो जन्मदेखि आजसम्म मलाई धेरै कुराहरूले अन्याय गरेको छ । पहिलो त म जन्मँदै अपाङ्ग भएर जन्मिएँ, दोस्रो म एउटा यस्तो गरिब परिवारमा जन्मिएँ जहाँ मेरो उपचारको त कुरै नगरौं दुई छाक टार्न पनि हम्मेहम्मे पर्छ । न त जीवनको आश मार्न सकिन्छ न त आशाको जीवन जिउन सकिन्छ । छ त केवल यही खिया लागेको ह्वीलचेयर (Wheel Chair) जसले मलाई प्रत्येक क्षण जीवनको आशा र बाँच्न साथ दिन्छ । जेसुकै होस् जीवन चल्नुपर्छ र म पनि विभिन्न अप्ठयारा र चुनौतीहरूलाई झेल्दै अगाडि बढिरहेको थिएँ । तर भएको झुप्रो बास र खानलाई राखेको केही कुराहरू पनि निर्दयी बाढीले बगाई लग्यो । जब बाढीले मलाई पनि बगाउने प्रयास गर्दै थियो अनि बल्ल थाहा भयो जीवनको माया कति हुँदो रहेछ । मेरो सहारा यही ह्वीलचेयरले मलाई बचाउन सहायता गऱ्यो । यसैले यो ह्वीलचेयरले मलाई जीवनभर लगाएको गुणको लागि म कृतज्ञ छु ।




बाँचेकोमा १–२ दिन त साह्रै खुशी लागेको थियो तर दिन बित्दै जाँदा न त खानलाई केही छ न त बस्नलाई बास नै धेरै दुःख लाग्यो । माया लायो के लायो भनेझैं, दुर्भाग्य मेरो वृद्ध बुआ–आमा भोकले छटपटिएको हेर्ने बाहेक अरू केही पनि गर्न नसक्दा साह्रै धिक्कार लाग्यो । यस्तो विचलित र बेचैन अवस्थामा असल छिमेकी नेपाल हामिले हाम्रो आवश्यकता फोनबाट भनेझैं गरी हामिलाई चाहिने आवश्यक कुराहरू लिएर आएको सुन्दा खुशी लाग्यो तर अब सामान लिन को जाने ? हामीलाई दिने हो कि होइन फेरि अर्को पीर पऱ्यो । हामी जस्ता अपाङ्गता भएका व्यक्तिहरू यस्ता राहतका कुराहरूमा प्रायः छोडिएका हुन्छौ । तर असल छिमेकी नेपालले हामी जस्ता अपाङ्गता भएका व्यक्तिहरूलाई नै लक्षित गरेर राहत सामग्री बाँडेको र मेरो नाम पनि सिफारिस भएको सुन्दा अत्यन्त खुशी लाग्यो । साँच्चि भन्नुपर्दा बल्ल आज म पनि यही समाजको एउटा सदस्य भएछु भन्ने भान भएको छ । असल छिमेकी नेपालको यस्तो पवित्र अनि पृथक कामको लागि धेरै धन्यवाद ।

# १.३) स्वास्थ्य पुनर्स्थापना कार्यक्रम

कार्य क्षेत्र : नवलपरासी जिल्ला

लक्षित वर्ग : बाढीबाट प्रभावित नवलपरासीका समुदाय

बाढीले गर्दा नवलपरासी जिल्लाको सरावल गाउँपालिका वडा नं. ६ मा स्थानीय समुदायको खानेपानी र शौचालयहरू दूषित हुन गई महामारी फैलन सक्ने सम्भावना भएको र स्वास्थ्य सम्बन्धी जटिल समस्या आउन सक्ने समस्या समाधानका लागि सरसफाइ (hygiene) सम्बन्धी विभिन्न कार्यक्रमहरू गरिएका छन् । समुदायको स्वास्थ्य स्थिति सम्बन्धी सचेतना साथै सुधारका लागि विभिन्न स्वास्थ्य शिविर, सरसफाइ शिविर र हात धुने ठाउँ, सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम, खानेपानी सुधार र शौचालय सुधारका क्रियाकालपहरू, साथै विशेष गरी विपद्को समयमा महिला तथा बालबालिकाहरू बेचबिखनको जोखिममा पर्ने हुनाले यसको रोकथामका लागि विभिन्न सचेतना कार्यक्रमहरू गरियो ।



### कार्यक्रमको संख्यात्मक विवरण:

| क्रियाकलाप | सूचक | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| स्वास्थ्य शिविर | क्रियाकलाप संख्या | २ | २ |
| | लाभान्वित संख्या | ५०० | १४२६ |
| WASH क्याम्प | क्रियाकलाप संख्या | ४ | ४ |
| | लाभान्वित संख्या | १००० | ११७७ |
| शौचालय मर्मत | घरधुरी संख्या | ५० | ४३ |
| | लाभान्वित संख्या | २५० | २६८ |
| खानेपानी मर्मत | घरधुरी संख्या | ८० | ६१ |
| | लाभान्वित संख्या | २५० | ३३४ |
| हात धुने ठाउँ निर्माण | क्रियाकलाप संख्या | ४ | ४ |
| | लाभान्वित संख्या | १००० | १७९० |
| मानव बेचबिखन सम्बन्धी सचेतना कार्यक्रम | क्रियाकलाप संख्या | ५ | ५ |
| | लाभान्वित संख्या | २५० | ३२० |

# म धेरै खुशी छु

"म दुई जना छोराहरूको आमा हुँ । म ४५ वर्षकी भएँ । मेरो श्रीमान् घरको रोजी रोटी कमाउने व्यक्ति हुनुहुन्छ । हाम्रो परिवारलाई हाम्रो गाउँमा अति गरिब परिवार भनी चिन्छन् । गरिब भएकै कारण हाम्रो आधारभूत आवश्यकतालाई पूरा गर्न साँच्चै नै गाह्रो छ । गरिबीको कारणले मेरो ४ जना बालबच्चाहरू खेर गए र त्यसमध्ये १ जना त जन्मिसकेको थियो तर २ महिनापछि गुमाउनु पर्‍यो । १ वर्षपछि मेरो पाठेघर खस्यो । निःशुल्क महिला स्वास्थ्य शिविर छ भन्ने जानकारी मेरो साथीले मलाई दिनुभयो । त्यसैले म उपचारको लागि जान चाहें । जब उपचार गरें तब मलाई पाठेघरको तेस्रो चरणको (3rd stage) समस्या रहेछ भन्ने थाहा भयो ।

डाक्टरले मलाई शल्यक्रिया (अपरेशन) गर्ने सल्लाह दिनुभयो । अहिले मैले रिङ्ग पेशरी प्रयोग गरेको छु । यस प्रकारको रोगको निःशुल्क शल्यक्रिया (अपरेशन) देवदह अस्पतालमा हुन्छ भनी उहाँकै घर नजिकको स्वयमसेविकाले मलाई उपचारमा लाने जिम्मा लिनुभयो । "गरिबीमा भएकोले नै राम्रो उपचार पाउने कुरा हाम्रो हातमा छैन । त्यसैले निको नभएकै जाति" भनी मैले विचार गर्ने गर्थे ।

मिति २०७५ वैशाख २३ र २४ गते असल छिमेकी नेपालले २ दिने निःशुल्क महिला स्वास्थ्य शिविर, सरावल गाउँपालिका ६ मा रहेको श्री महेन्द्र जनता मा. वि., गडौरीको प्राङ्गणमा गरेको थियो । सो शिविरमा ७६३ जना सहभागी थिए ।

सो शिविरमा सुगेशर धोबी आफ्नो स्वास्थ्य परीक्षणको लागि आउनु भएको थियो । लामो समयदेखि पाठेघरको समस्यामा रहेको बताउनुभयो । हाम्रै गाउँमा सो स्वास्थ्य शिविर ल्याउनु भएको थियो । सो शिविरमा डाक्टर र नर्सहरूले मेरो स्वास्थ्यको जाँच गरी समस्या पत्ता लगाउनुभयो । उहाँहरूको आवश्यक



सल्लाहद्वारा उपचार पनि गरिसकेको छु ।

अहिले मेरो स्वास्थ्यमा धेरै सुधार आएको छ । पहिलेको तुलनामा कामहरू राम्रोसँग गर्न सक्छु । मेरो जीवनमा म धेरै खुशी भएको छु । असल छिमेकी नेपाललाई धेरै धन्यवाद !

# पुनर्निर्माण र पुनर्स्थापना कार्यक्रम, गोरखा

कार्य क्षेत्र : गोरखा जिल्ला

लक्षित वर्ग : भूकम्पबाट प्रभावित समुदाय

यस वर्ष पुनर्निर्माण तथा पुनर्स्थापनाका कार्यक्रम अन्तर्गत निम्नानुसारका कार्यक्रमहरू सञ्चालन भएका छन्:

## २.१) सार्वजनिक भवन पुनर्निर्माण कार्यक्रम

**जनकल्याण माध्यमिक विद्यालय पुनर्निर्माण कार्यक्रम:**

बैशाख २०७२ को भूकम्पद्वारा गोरखा जिल्लाका अधिकाँस विद्यालय भवनहरूमा पनि निकै क्षति भएको हामीले देखेका थियौं । धेरै विद्यालयहरू खुला आकाश मुनि सञ्चालन भएको थियो भने केही स्थाई टहरा मुनि सञ्चालन भएका थिए र अझ पनि धेरै स्थानहरूमा यसैगरी पठन पाठन भैरहेका छन् । जिल्ला शिक्षा कार्यालयको सिफारिस र सम्बन्धित विद्यालयको अनुरोध अनुसार सम्बन्धित निकायहरूसँग समन्व गरी नेपाल सरकार शिक्षा विभागको नक्सा र मापदण्ड अनुसार साविकको श्रीनाथकोट गाविसमा क्रमशः १. श्री अर्कुल प्राथमिक विद्यालय, २. श्री जनजागृति प्राथमिक विद्यालय, ३. श्री चन्द्रोदय माध्यमिक विद्यालय र ४. श्री जन कल्याण माध्यमिक विद्यालय भवन पुनः निर्माण गरी स्थानीय समुदायलाई हस्तान्तरण भैसकेको छ । सम्पूर्ण पुनः निर्माण भएका विद्यालयमा अपाङ्गमैत्री शौचालय, खानेपानी, आवश्यक पर्ने फर्निचरहरू, विद्यार्थीको लागि शैक्षिक सामग्री साथै विधालय सुरक्षाको लागि तारबारको काम पनि भएको छ । विधार्थीहरू नयाँ भवन र कक्षाकोठामा पढ्न र शिक्षक शिक्षिकाहरूलाई नयाँ कक्षाकोठामा पढाउन पाउँदा एकदमै उत्साहित भएको हामीले पाएका छौं । साथै संस्थाले आगामी दिनमा विधालयको भौतिक पूर्वाधार मात्र नभएर समग्र शैक्षिक गुणस्तरमा कसरी सहायता पुऱ्याउन सकिन्छ भनेर सम्बन्धित सरोकारवालाहरूसँग प्रत्यक्ष संवाद गरि थप कार्यहरू बन्ने क्रममा रहेको छ ।

असल छिमेकी नेपालले जनजागृति प्राथमिक विद्यालय सिरानचोक ७ गोरखामा विद्यालय निर्माण पश्चात् भवनको सुरक्षाका लागि अगाडी पट्टीको भागमा ब्रेस्ट वाल निमौण तथा विद्यालयमा भएको खानेपानीको अभावलाई परिपूर्ति गर्नका लागि खानेपानी योजना निर्माण सम्पन्न गरेको छ ।

**कार्यक्रमको संख्यात्मक विवरणा:**

| क्र.स. | विवरण | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | विद्यार्थी | ८२ | ११२ | १९४ |
| २ | शिक्षक | १२ | ४ | १८ |

| क्र.स. | क्रियाकलापहरू | इकाइ | भवनको सङ्ख्या | लक्षित कोठा | निर्मित कोठा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | विद्यालय भवन पुनर्निर्माण | सङ्ख्या | २ | १६ | १६ | |
| २ | शैचालय | सङ्ख्या | १ | ३ | ३ | महिला, अपाङ्ग तथा बालबालिका मैत्री |

| क्र.स | क्रियाकलापहरू | इकाइ | लक्षित लम्बाइ | निर्मित लम्बाइ | कैफियत |
|---|---|---|---|---|---|
| १ | पेटी निर्माण कार्य | मिटर | ८८.६२ | ८८.६२ | भवनको तिन भागमा |
| २ | पेभमेन्ट निर्माण कार्य | मिटर | ५४.५ | ५४.५ | |
| ३ | ब्रेस्ट वाल | मिटर | ७२ | ६४.९ | |

# मेरो शिक्षा आर्जन गर्ने लक्ष्य पूरा गर्नेछु



*अनिता पाण्डे जसको सानै उमेरमा विवाह भयो । उनी श्रीनाथकोटकी बासिन्दा हुन् । उनले शिक्षाको महत्व बुझेको कारण शिक्षा प्राप्तिको लागि सङ्घर्ष गर्दै छिन् । पुनर्निर्माण भएको जनकल्याण भवनले उनको भविष्यको शिक्षालाई कस्तो प्रेरणा दिन्छ भन्ने विषयमा आफ्नो भावना बाँड्न चाहन्छिन् :*

मेरो नाम अनिता पाण्डे हो । म कक्षा नौ मा पढ्दानै मेरो विवाह भएको थियो । नुवाकोटमा काम गर्ने मेरो श्रीमान् डोजर चालक हुन । सो ठाउँ यहाँबाट धेरै टाडा पर्छ । म यहाँ संयुक्त परिवारमा बस्छु । हाम्रो परिवार र आफन्तले मिलाएको हाम्रो मागी विवाह भएको हो । हाम्रो विवाह हुनभन्दा पहिला उहाँलाई मैले कहिल्यै देखेको थिइन । श्रीनाथकोट गोहोरेमा बस्दै आएको म हाल कक्षा दशमा अध्ययनरत छु ।

मलाई विद्यालय जाँदा खुशी लाग्छ । कक्षामा हुने सबै विषयको पढाइमा मेरो उत्तिकै रूचि छ । कक्षा नौ मा पढदै गर्दा परिवारले अचानक मेरो विवाहको लागि मलाई आग्रह गर्नुभयो । माध्यमिक तहको पढाइ सक्न एक वर्ष मात्र बाँकी रहेको कारण विवाह गर्ने इच्छा थिएन । सफल महिला भएर अरूको लागि शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने सोचलाई लत्याएर परिवारको आग्रहलाई स्वीकार्न बाध्य भएँ किनकि मसँग विकल्प थिएन । विवाह पश्चात घर भित्रबाट साथीहरू विद्यालय गएको हेर्ने र आफू पनि विद्यालय गएको कल्पना गर्ने मेरो दैनिकी बन्न थाल्यो । मैले आफूमा रहेको पढ्ने रहरलाई परिवारको अगाडि प्रस्तुत गर्न सकेको थिइन ।

समय र अवस्था परिवर्तन हुँदै जादा मेरो परिवारले मसँग रहको शिक्षाप्रतिको मोह महशुस गरी विद्यालय जाने वातावरण सिर्जना गनुभयो । जसको कारण म फेरि विद्यालय जान थाले । मेरो श्रीमानले धेरै पढ्नुभएको त छैन तर पनि उहाँले पढाइलाई निरन्तरता दिंदै जान र डिग्री हासिल गर्नको लागि उत्प्रेरणा दिनुभएको छ । त्यसैले आज यस विद्यालयमा अध्ययन गर्दै छु । म मात्रै होइन मेरा साथीहरू पनि यो नयाँ सुन्दर भवनमा अध्ययन गर्न पाउँदा खुशी छौँ । आशा छ यस सुन्दर भवन मार्फत १२ कक्षासम्म अध्ययन गरी मेरो शिक्षा आर्जन गर्ने लक्ष्य पूरा गर्नेछु । सानातिना बाधा अड्चनले मेरो लक्ष्यलाई रोक्ने छैन । यति सुन्दर भवन निर्माण गरिदएकोमा असल छिमेकी नेपाललाई धन्यवाद !

# २.२) जीविकोपार्जन तथा स्वास्थ्य कार्यक्रम

कार्य क्षेत्र : गोरखा

लक्षित वर्ग : भूकम्पबाट प्रभावित समुदाय

२०७२ साल वैशाखको कहाली लाग्दो विनाशकारी भूकम्पका कारण गोरखा सहित नेपालका धेरै जिल्लाहरूका धेरै परिवारहरू घरबार विहीन हुनपुगे भनेदेखि धेरै जनाले आफ्नो नजिकको व्यक्ति समेत गुमाउनु पर्‍यो । राहतको समयदेखि काम गर्ने क्रममा जसरी प्रभावित क्षेत्रहरूमा एकातिर भत्किएका संरचनाहरू पुनर्निर्माण गर्नुपर्ने थियो भने त्यसैगरी भत्किएका मनहरूलाई सान्त्वना दिदै उनीहरूको पुनस्थापनाको काम अगाडि बढाउनुपर्ने थियो । सोही कुरालाई मध्य नजर गर्दै विपद् व्यवस्थापनको पुनर्स्थापना र पुनर्निर्माणको चरणमा, नेपाल सरकारको विपद् व्यवस्थापन नीति अनुरूप असल छिमेकी नेपालले विभिन्न पक्षसँग समन्वय गर्दै पुनर्निर्माण र पुनर्स्थापनको कार्यमा लागि रहेको छ । यस कार्यक्रमले विशेषत गोरखा जिल्लाको साविकका श्रीनाथकोट, भुम्लीचोक, मकैसिङ्, घ्यालचोक, घैरूङ् र आँपपीपल गाविसहरूमा समुदायको आवश्यकतामा आधारित जीवन स्तरमा सुधार ल्याउनको लागि विभिन्न परियोजनाहरू सञ्चालन भइरहेका छन् । जस अन्तर्गत, बाखा पालन तालिम, पशुस्वास्थ्य शिविर, मानव स्वास्थ्य शिविर, महिला स्वास्थ्य स्वयंसेविकाहरूको लागि तालिम, नगदेबालि तालिम, ३५ दिने ग्रामिण पशु तालिम, सिलाइ कटाइ तालिम, एक महिने हाउस वायरिङ् तथा प्लम्बिङ् तालिमहरू सञ्चालन गरिदै आएको छ ।



## कार्यक्रमको संख्यात्मक विवरण:

| क्रियाकलाप | योजना | उपलब्धि |
|---|---|---|
| ग्रामीण चौपाया स्वास्थ्य कार्यकर्ता तालिम | ४५ जना | ४६ जना |
| पशु स्वास्थ्य शिविर | ६०० घरधुरीबाट ८००० चौपाया | ५६१ घरधुरीबाट ५६४३ चौपाया र १४८९३ पंक्षी |
| बाखा पालन तालिम | १०० जना | ११५ जना |
| बाखा वितरण | ५० जना | ५० जना |
| महिला तथा बालबालिका स्वास्थ्य शिविर | ८०० जना | ८२६ जना |
| सिलाइ कटाइ तालिम | ३६ जना | ३६ जना |

# पशु स्वास्थ्य तालिमले सक्षम बनायो



म कालिका प्रसाद ढकाल हुँ । वास्तवमा म अहिले ५० वर्षको छु र मेरो दुई छोराहरू र दुई छोरी, बुबा र मेरी पत्नी छन् । मेरो घर सिरानचोक गाउँपालिका वार्ड नम्बर ६, श्रीनथकोट, गोरखा हो । सामान्यतया म मेरो बाल्यकालबाट नै एक किसान हुँ । परम्परागत रूपमा मैले आमाबाबुसँग खेती गर्न सिके र हामी अहिलेसम्म पनि त्यहीं खेती किसानी गर्दै आईरहेका छौ ।

केही महिना पहिले म २ नं वडाको वडा संयोजकको रूपमा थिए, जब श्रीनाथकोट गाविस थियो । त्यो समयमा म सोचिरहेको थिएँ कि "अब म मेरो, परिवारको र समाजको लागि केही न केही गर्नै पर्छ तर के गर्नु कुनै उपाय छैन?" म केवल मेरो क्षेत्रमा केही गर्नको लागि बाटो खोज्दै थिए र त्यही समयमा एक जना व्यक्तिले मलाई फोन गर्नुभयो र भन्नुभयो "कृपया एक जना व्यक्ति तपाईंको वडाबाट ३५ दिने ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता तालिममा जानको लागि खोज्नुहोस्" र मैले उहाँलाई जवाफ दिए "ठीक छ, अवश्य म खोज्नेछु" तर केही समयपछि मैले एकदम सोचे कि "त्यहाँ म जान पाए राम्रो हुने थियो होला !!!" त्यसपछि म उहाँलाई फोन गरि भने "के त्यो तालिममा म जान सक्छु?" र उहाँले मलाई जवाफ दिनुभयो "ठीक छ, तपाई त्यहाँ जान सक्नुहुन्छ तर तालिमपछि तपाईले समाजमा, समुदायमा, परिवारमा र आफैमा पनि केही नै केही गर्नै पर्छ । त्यसपछि मैले उहाँलाई भने "ठीक छ, निश्चय नै म आफ्नो तालिमपछि सिके अनुसार गर्नेछु र त्यो फोन गर्ने व्यक्ति हुनुहुन्छ श्री संदीप थापा (शेर बहादुर घर्ति मगर) जो असल छिमेकी नेपालबाट मेरो ठाउँमा VDC संयोजकको रूपमा आउनु भएको थियो । त्यसपछि मैले मेरो वार्डबाट सिफारिस पत्र लिएर त्यो ३५ दिने ग्रामिण पशुस्वास्थ्य कार्यकर्ता तालिममा गएँ ।

तालिम पनि असाध्यै राम्रो भयो र तालिममा नै सम्पूर्ण कुरा अभ्यास गरेर नै सिक्ने अवसर पाईयो जसको फलस्वरूप म अहिले मेरो गाउँमा यही पेशामा लागिरहेको छु । त्यसकारण मलाई यसरी पशुहरूको ठीक उपचार गर्न सक्ने बनाउनमा सहायता गर्ने संस्था असल छिमेकी नेपाललाई म एकदमै हृदय देखि नै धन्यवाद भन्न चाहन्छु । अहिले यी दिनहरूमा म मेरो ठाउँमा भएका पशुपंक्षीहरूमा आउने सबै खालका रोग तथा समस्याहरूको समधान तथा उपचार गर्दै सेवा गरिरहेको छु । पशुपंक्षीहरूमा भएका रोगहरूका लागि उपचार गर्न मैले औषधिहरू पनि खरिद गरि ल्याइसकेको छु र यसलाई म व्यावसायिक रूपमा नै लैजाने योजना बनाई अगाडि बढिरहेको छु । पशुपंक्षीहरूको उपचारहरूमा जस्तै गोरू तथा बोकालाई खसी बनाउने, पशुपंक्षीमा  आएका ज्वरो तथा सिगान बग्नेको उपचार, भैसी तथा गाईको पाठेघर खसेकाको भित्र हालिदिने, खसी तथा बोकाको ठूलो पेट भएकाको पनि उचित उपचार साथै पशुपंक्षीहरूप्रति जागरूकता गराउदै छु । गत महिनामा मेरै वडामा असल छिमेकी कै आयोजनामा सञ्चालित तीन दिने बाखा पालन तालिममा पनि सहभागी भई सिक्ने र सिकाउने काम गरेको थिए र यसले गर्दा पनि त्यो वडा भरि नै यसले पशुपंक्षीहरूको औषधि उपचार गर्दोरहेछ भनेर चिनिने मौका पनि भएको थियो र म पहिले सामान्य खेती किसानी गर्ने व्यक्तिबाट अहिले पशुपंक्षीहरूको औषधि उपचार गर्न सक्ने भएको छु । यी सबै कुरा गर्न सक्ने बनेको म आफै होइन तर असल छिमेकी नेपाल संस्थाले हो र जस्तो नाम उस्तै काम गर्ने संस्थालाई पुनः एकपटक म मेरो हृदय देखि नै धन्यवाद दिन्छु ।

# २.३) स्वयम्सेवक परिचालन तथा विकास कार्यक्रम

कार्य क्षेत्र : गोरखा, कास्की र नवलपरासी

लक्षित वर्ग : प्रकोप प्रभावित समुदाय

नेपालमा २०७२ सालको वैशाख २ गते र २९ को विनाशकारी भुकम्पले गर्दा देशले ठूलो क्षति वेहोर्नु परेको सर्वविदितै छ । यसमा पनि देशमा आपद् विपद्को समयमा प्रभावकारी प्रकारले त्यसको व्यवस्थापन गर्ने आवश्यक जनशक्ति नहुंदा अझ बढी क्षति बेहोर्नु परेको थियो । असल छिमेकी नेपालले पनि आफ्नो ठाउँबाट पोखरामा भएका र विश्वव्यापी मण्डलीहरूको सहायताले क्षमताको उच्चत्तम उपयोग गरी केही मात्रामा भएपनि प्रभावकारी भूमिका निभाउन सकेको थियो । तर त्यस बेलाको विषम परिस्थितिले देशलाई सिकाएको कुरालाई असल छिमेकी नेपाल र पोखरामा भएका मण्डलीहरूले आत्मसात गरी राहतको समयमा प्रभावकारी र व्यवस्थित प्रकारले सहायता पुऱ्याउन सकियोस् भन्ने उद्देश्यको साथमा स्वयंसेवक परिचालन तथा विकास कार्यक्रमको सुरूवात गरेको छ । जस अन्तर्गत उनीहरूलाई विभिन्न प्रकारको तालिमहरू प्रदान गरी भैपरी आउने विपद्को समयमा परिचालन गर्न सकियोस् भनी तयारी अवस्थामा राखिएको छ साथै आवश्यकता अनुसार उनीहरूलाई पुनर्निर्माण र पुनर्स्थापनाको काममा पनि परिचालन गरिंदै आइएको छ ।




## कार्यक्रमको संख्यात्मक विवरण:

| तालिमहरूको नाम | ईकाइ | गोरखा | | कास्की/नवलपरासी | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धि | लक्ष्य | उपलब्धि | संख्या |
| खोज तथा उद्धार तालिम | संख्या | ३० | २५ | ३० | २५ | ५० |
| कार्यक्रमहरूको समीक्षा गोष्ठी तथा कार्यदल गठन | संख्या | ५० | ३७ | ८० | ६७ | १०४ |
| स्वयम्सेवक परिचालन | व्यक्ति | आवश्यकताअनुसार | २० | आवश्यकताअनुसार | २५० | २७० |
| जम्मा | | | १७४ | | २३८ | ४१२ |

# २.४) दक्ष जनशक्ति तालिम कार्यक्रम

कार्य क्षेत्र : गोरखा

लक्षित वर्ग : भुकम्पबाट प्रभावित समुदाय




जिल्ला शहरी विकास तथा भवन निर्माण विभागको कार्यालय गोरखाको अनुरोध र समन्वयमा गोरखा जिल्लामा पर्याप्त मात्रामा दक्ष जनशक्तिको तालिम पुग्न नसकेका भूकम्प प्रभावित साविकका १६ गाविसमा दक्ष जनशक्ति उत्पादन गर्नको लागि नेपाल सरकारको मान्यता प्राप्त ७ दिने डकर्मी तालिम सञ्चालन भएको थियो । उक्त तालिमहरू सहरी विकास तथा भवन निर्माण विभाग र नेपाल पुनर्निर्माण प्राधिकरण सचिवालय गोरखाको समन्वयमा विभिन्न चरणमा गरी गोरखाका ३२५ जनालाई डकर्मी तालिम प्रदान गरेको छ । त्यस्तै गरी ५० जनालाई १ महिने हाउस वाइरिङ र ५० जनालाई १ महिने प्लम्बिङ्ग तालिम नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिक शिक्षालयबाट आवासीय रूपमा राखी तालिम उपलब्ध गराएका थियौं । साथै शतप्रतिशत सहभागीले नै सि. टि. इ. भि. टि बाट लिईएको पहिलो तहको परीक्षामा पास हुनुभई प्रमाण पत्र प्राप्त दक्ष जनशक्ति हुन सफल हुनुभएको छ । समय-समयमा गरिएको फ्लोअप अनुगमन अनुसार ८० प्रतिशत भन्दा बढीले तालिमबाट सिकेको सीप अनुसार समुदायमा काम गरिराख्नु भएको छ ।

## तालिमको प्रभाव मूल्याङ्कन :तेस्रो चरण

| क्र.स. | क्रियाकलाप | इकाइ | तालिम सङ्ख्या | लक्षित सहभागी सङ्ख्या | उपलब्धि |
|---|---|---|---|---|---|
| १ | डकर्मी तालिम | सङ्ख्या | १३ | ३२५ | २१६ |
| २ | हाउस वायरिङ | सङ्ख्या | ३ | ५० | ४० |
| ३ | प्लम्बिङ | सङ्ख्या | ३ | ५० | ३१ |

| क्र.स. | विवरण | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | डकर्मी तालिम | २०५ | ११ | २१६ |
| २ | हाउस वायरिङ | ४० | | ४० |
| ३ | प्लम्बिङ | ३१ | | ३१ |

# तालिमले सुधारेको जीवन



हजुरआमाबुबा, आमाबुबा, श्रीमती र दुई छोराका बाबु भिम बहादुर तामाङ्ग करिब ३१ वर्षका भए । सामान्य कृषि र मेलापातबाट गुजारा चलिरहेको उनको जीवनमा आर्थिक अवस्था कमजोर भएका कारणले गर्दा उनलाई पारिवारिक आवश्यकताहरू पूरा गर्न गाह्रो भईरहेको थियो । केही समयका लागि आफ्नो पारिवारिक आवश्यकताहरू पूरा गर्न उनी वैदेशिक रोजगारका लागि कतार गएको कुरा सुनाउँछन् । केही वर्ष विदेशमा काम गरेर फर्किए पछि उनको जीवन सामान्य रूपमा चलिरहेको थियो । तर उनीसगँ हातमा कुनै पनि प्रकारको सीप थिएन । 'त आँट' म पुर्‍याउँछु 'भन्ने उखान झैं, असल छिमेकी नेपाल पोखराको सहजीकरणमा सुरू भएको १ महिने प्लम्बिङ्ग तालिममा उनी पनि छनौटमा परे । त्यसभन्दा पहिला उनलाई प्लम्बिङ्ग सम्बन्धी कुनै पनि कुराको ज्ञान थिएन । जब उनले असल छिमेकी नेपाल पोखराको सहजीकरणमा सुरू भएको प्लम्बिङ्ग तालिममा सहभागी भए त्यसपछि उनको प्लम्बिङ्ग सम्बन्धी ज्ञान तथा सीपको विकास भएको अनुभव बाँड्छन ।

असल छिमेकी नेपाल पोखराले दिएको १ महिने प्लम्बिङ्ग तालिममा सहभागी भएपछि प्लम्बिङ्गको काममा कस्तो खालका पाइपहरू जडान गर्दा राम्रो र बलियो हुन्छ, कुन खालको प्लम्बिङ्ग सामग्रीहरू आवश्यक पर्छन लगायत अन्य विषयमा ज्ञान बढेको कुरा पनि बताउछन । यस तालिम लिनुभन्दा अघि उनलाई गाउँका मानिसहरूले त्यति धेरै विश्वास गर्दैनथे । यसले त के गर्न सक्छ र, के जानेको छ र भन्ने जस्ता कुराहरू ।जब उनले यस तालिम लिएर फर्किए तब गाउका मानिसहरूले पनि उनलाई विश्वास गर्न थालेको कुरा बताउछन् । प्लम्बिङ्ग सम्बन्धी काम पर्दा बोलाउने गर्दछन् । राष्ट्रिय सीप परीक्षण समितिबाट प्लम्बिङ्गमा तह एक पास गरेका उनलाई गाउँको खानेपानीको पाइप सम्बन्धी सबै जिम्मेवारी गाउँका मानिसहरूले उनलाई नै दिएका छन् । तालिमपूर्व मासिक करिब रू १० हजार कमाउने उनी तालिम पछि मासिक करिब रू २५ हजार आम्दानी गर्छन् । आफूले सिकेको सीपको सही सदुपयोग गर्नुपर्छ भन्ने कुरामा उनले जोड दिएका छन् ।

# २.५) व्यक्तिगत आवास पुनर्निर्माण सहायता कार्यक्रम

कार्य क्षेत्र : गोरखा
लक्षित वर्ग : भूकम्पबाट प्रभावित समुदाय





गोरखा जिल्लाको गण्डकी गाँउपालिका वडा नं १, ६, ७ र ८ साथै सिरानचोक गाँउपालिका वडा नं ७ मा रहेका पिछडिएका सीमान्तकृत जाति तथा जोखिममा रहेका (एकल महिला/पुरूष, वृद्धा, अशक्त असहाय तथा विपन्न) २५० घरपरिवारहरूको आवास पुनर्निर्माण सहायतार्थ "व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना" सञ्चालित छ । जस अर्न्तगत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यविधि, सम्बन्धित वडाको सिफारिस र गाँउपालिकाको प्रमाणीकरणका आधारमा लाभग्राही छनौट गरी आवास पुनर्निर्माण कार्य अगाडि बढाइएको छ । जस अन्तर्गत राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यविधि र अनुमति अनुसार प्रत्येक घरधुरीलाई रू ६०,०००।– बराबरको निर्माण सामग्रीहरू (सिमेन्ट, रड, जस्तापाटा, प्लेन पाता), रू १०,५००।– बराबरको ढुवानी र खाद्यान्न सहायता गरिँदैछ । २०७४ चैत्रबाट सञ्चालित यो परियोजना २०७५ कात्तिकको महिनासम्ममा सक्ने योजना अनुसार काम तीव्र गतिमा भईरहेको छ । दक्ष जनशक्तिको अभाव, निर्माणको चाप, निर्माण सामग्रीको अभाव, बर्षातको मौसम, कठिन र  फिँजिएको भौगोलिक अवस्था, लामो र कच्ची सडक लगायत अन्य विविध चुनौतीहरूले कामको तीव्रतामा व्यवधान खडा गरे पनि योजना अनुसारकै समय सीमामा काम सकिने अवस्थातिर हामी अग्रसर छौँ ।

# नबिर्सिने साथ



सुकमाया बराम, सिम्ले श्रीनाथकोट गोरखा

म सुकमाया बराम, घर श्रीनाथकोट, गोरखा । प्यारा २ छोरी, एक छोरा र श्रीमान्को साथ मेरो सानो परिवार धेरै खुसी थियो । दिनहरू हाँसी खुसी नै बित्दै थिए तर यो हाँसो अनि खुसी धेरै दिनको लागि रहेन जब वि. सं. २०७२ सालको भूकम्पले सारा देश रूवायो त्यसरी नै मेरो जिन्दगी पनि तहसनहस पारिदियो । शुरूवात त्यही भूकम्पले गऱ्यो कत्ति मेहनत गरेर बनाएको घर क्षणभरमै भत्कियो । सारा नेपालीले आफ्ना आफन्त गुमाएका थिए, हामी भने भाग्यले ज्यान बचाउन सफल भयौँ । भूकम्पले घर भत्कायो, गरिखाने ज्यान त लगेको थिएन तर दैवले बिस्तारै लैजाने आँट गरेको मलाई पत्तै भएन । मेरो श्रीमान्को पेशा डकर्मी, कामकै सिलसिलामा सामान ल्याउने क्रममा भीरबाट खसेर उहाँको ज्यान गयो । निर्दयी दैवले मेरो बास त उठाएको थियो नै तर अब त जिउने आश पनि उठाएर लग्यो । म धेरै आत्तिएँ, अब कहाँ जाऊँ के गरौँ छोराछोरीको भविष्य कतातिर देखाऊँ आदि इत्यादि ।

एउटी छोरीको त बिहे गरिसकेकी थिएँ तर पीर थियो अर्की छोरी अनि छोराको । बाबालाई मृत्युले लगिसकेको थियो तर पनि म उनीहरूको बाबाआमा दुवै भएर बस्ने कोसिस गरे । भाग्यलाई दोष दिने कि कर्मलाई ! यतिले पुगेनछ क्यारे घरजम भएर बसेकी छोरीको समेत सम्बन्ध विच्छेद भएर ऊ पनि मैसँग बस्ने भई । भूकम्पले भत्काएको घरलाई सानो सानो मेहनत थप्दै उठाउने कोसिस गरेका थियौ । घर बनाएर परिवारलाई राख्ने छोराको सोच थियो ऊ आफैं दिनरात नभनी मेहनत गर्थ्यो तर यहाँनेर फेरि भाग्यलाई दोष दिन मन लाग्यो घर बनाउने क्रममा करेन्ट लागेर छोराको मृत्यु भयो ।

त्यो भत्केको घर अनि बूढी सासु के बस्थिन् र बुहारी, छोराको झल्को मेटाउने त्यही नाति थियो उसलाई लिएर पोखरा बस्न थालिन् । जीवनमा जतिसुकै उतारचढाव आए पनि आखिर आफू बाँच्नै पर्ने रैछ, भन्छन् नि सास रहुन्जेल आश । सम्बन्ध विच्छेद भएर माइतमा बसेकी छोरी नै छोराजसरी मेहनत गर्न थाली, जसोतसो मलेसिया पुगेर लेवरको काम गर्न थाली । छोरीमान्छे परदेशमा गएर लेवरको काम गर्दा कति दुःख भयो होला तर दिनरात मेहनत गरेको पैसा घर बनाऊ है आमा भनी पठाउँथी । लाचार भएर छोरीको त्यो दुःख सम्झँदै म घर निर्माणमै खर्च गर्थे तर ऊ एक्लीको कमाइले घर बनाउन साह्रै समय लाग्ला जस्तो लाग्यो ।

दुःखमा ईश्वरले कुनै न कुनै रूपले हेर्छन् भन्थे हो रैछ क्यार ! मेरो जीवनमा असल छिमेकी नेपाल त्यसरी नै आयो । आज असल छिमेकीकै सहयोगले दुःखमा पनि केही राहत मिलेको छ । आफ्नो परिवार फेरि पाएजस्तो लागेको छ । उहाँहरूकै सहयोगले आज छिट्टै घर निर्माण गर्न सफल हुने आटँ आएको छ । समय कति बेला कस्तो चल्छ केही थाहा नहुने रैछ । बस् त्यो समयमा कसले कति साथ दिएको हुन्छ त्यो कहिल्यै नबिर्सने गरी थाहा हुने रैछ । असल छिमेकी नेपाललाई म लगायत म जस्तै नेपाली मनहरूको तर्फबाट धेरैधेरै धन्यवाद !

# कोषाध्यक्षको प्रतिवेदन



पूर्णलाल कायस्थ
कोषाध्यक्ष

असल छिमेकी नेपालको सोह्रौं साधारण सभा तथा छैटौं अधिवेशन हुन गइरेहको यस पावन अवसरमा हाम्रा महान परमेश्वरप्रति कृतज्ञ छु । असल छिमेकी नेपालका सबै शुभेच्छुकहरू, अध्यक्ष, कार्यकारिणी समितिका सदस्यज्यूहरू, आजीवन तथा साधारण सदस्यज्यूहरू लगायत यस संस्थाका निर्देशक एवं सबै कर्मचारी मित्रहरूमा बधाई ज्ञापन गर्दै असल छिमेकी नेपालको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

पोखरेली ख्रीष्टिय समुदायद्वारा सामाजिक कार्य गर्ने उद्देश्यसाथ खोलिएको यस असल छिमेकी नेपाल विशेष गरी नवलपरासी र कास्की जिल्लाका अति विपन्न तथा सीमान्तकृत समूहलाई लक्षित गरी उनीहरूको गाउँ समाजमा गई जीविको उत्थान तथा जन चेतना फैलाउने काममा असल छिमेकी नेपाल अत्यन्त सफल भएकोमा आनन्दित एवं अल्हादित भएका छौं । यस सफलताको श्रेय हाम्रा प्रभु येशू ख्रीष्टलाई दिन चाहन्छौं ।

बैशाख १२, २०७२ को प्रलयकारी भूकम्पले गर्दा नेपालका गाउँहरूमा अकल्पनीय क्षति पुग्यो । देश र विदेशका चर्चहरूको साथ र हात पाएर गोरखा, धादिङ्, लमजुङ्, कास्की, नुवाकोट लगायत अन्य जिल्लामा राहत वितरण गर्न सक्षम भयौं र नेपाल सरकारको अनुरोधमा गोरखा जिल्लामा पाँचवटा स्वास्थ्य चौकी भवन निर्माण गर्ने र सिरानचोक गाउँपालिका (साविकको श्रीनाथकोट गा वि स) मा विद्यालय भवनहरू बनाउने तथा वडा भवन (साविकको श्रीनाथकोट गा वि स भवन) बनाउने जिम्मा असल छिमेकी नेपाललाई दिइयो । वडा भवन, पाँचवटा स्वास्थ्य चौकी भवन एवं चारवटा सरकारी विद्यालय भवन निर्माण गरी नेपाल सरकारलाई हस्तान्तरण गर्न यो संस्था सफल भएको छ र नेपाल सरकारबाट कदर-पत्र समेत पाउन सफल भएकोमा सबैलाई बधाई दिन चाहन्छु । आर्थिक वर्ष २०७४/०७५ मा गोरखाका जिल्लामा अवस्थित केही गाउँपालिकाहरूमा भूकम्प पीडितहरूको पुनर्वासको निम्ति घरहरू बनाउने काममा पनि असल छिमेकी नेपाल सफल भएको छ ।

वि सं २०७५ को बाढी र पहिरोबाट पर्वत जिल्लामा ठूलो क्षती भयो । यस विपद्को घडीमा असल छिमेकी नेपालले उक्त स्थानमा गई बाढी प्रभावित परिवारलाई राहत वितरण गर्न सक्षम भएको छ । निकट भविष्यमा नेपाल सरकारको सहायता तथा असल छिमेकी नेपालको सहकार्यमा ती प्रभावितहरूलाई वासको व्यवस्था मिलाउने काममा लागेको कुरा अवगत गर्न पाउँदा हर्षित भएको छु । नेपालमा वर्षेनी प्रकृति प्रकोपले गर्दा असंख्य नेपालीहरू आहत भइरहेकाछन् । हामी नेपाली ख्रीष्टियन भएको नाताले यस देशको लागि निरन्तर प्रार्थना गरी दिन हुन सबैमा सविनय अनुरोध गर्न पनि चाहन्छु ।

असल छिमेकी नेपाललाई सहायता पुऱ्याउने दातृ संस्थाहरू, देश र विदेशका चर्चहरू लगायत यस संस्थालाई माया गरेर हातेमालो गर्ने सबै मित्रहरू, शुभेच्छुकहरूप्रति आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु साथै आगामी दिनहरू पनि सबैको स्नेह र सहायताको अपेक्षा गर्दछु ।

असल छिमेकी नेपालका कार्यकारी निर्देशक एवं सम्पूर्ण कर्मचारी मित्रहरूको अथक प्रयासले नियमित कामका साथै भूकम्प पीडित तथा बाढी पीडितहरूका लागि गर्नुभएको उल्लेखनीय कार्यका निम्ति हृदयबाट धन्यवाद टक्राउन चाहन्छु ।

आर्थिक वर्ष २०७४/२०७५ को आर्थिक प्रतिवेदन र आर्थिक वर्ष २०७५/२०७६ को वार्षिक बजेट प्रस्तुत गर्दछु ।

प्रभु येशू ख्रीष्टिको अनुग्रह र प्रेम सबैमा सदैव रहोस् । धन्यवाद ।

L. ADHIKARI & ASSOCIATES
Membership No -781 | COP No. 632
Firm Reg. No. 529

CHARTERED ACCOUNTANTS
PAN : 602871462
Mob: +977-9856036906
E-mail: l.adhikare@gmail.com

**Independent Auditor's Report**

The Members
**M/S ASAL CHHIMEKEE NEPAL (ACN)**

We have audited the accompanying financial statements of **M/S ASAL CHHIMEKEE NEPAL (ACN)** which comprises the Balance Sheet as at 32nd Ashad 2075 (Corresponding to 16th July 2018) and related statement of the income & expenditure and fund accountability statement for the year then ended and a summary of significant accounting policies and other explanatory notes, annexed thereto. Management of the organization is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Accounting Standard. Our responsibility is to express an opinion on these financial statements based on our audit. We conducted our audit in accordance with the Nepal standard on auditing. Those standards require that we comply with ethical requirements and plan and perform the audit to obtain reasonable assurance whether the financial statements are free from material misstatements. An audit also includes evaluating the appropriateness of accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements.

We believe that audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

On the basis of our examination and according to explanations given to us, we would further report that:

1. We have obtained all the information and explanations, which, to the best of our knowledge and belief, were considered necessary for the purpose for our audit.
2. In our opinion, proper books of accounts as required by the prevailing laws have been kept by the organization so far as appears from our examination.
3. In our opinion, the Balance Sheet, Income Statement and Fund Accountability Statement have been prepared in accordance with Nepal Accounting Standards and are in agreement with the books of accounts maintained by the organization.
4. To the best of our knowledge and in accordance with explanation given to us and from our examination of books of account of the organization necessary for the purpose of audit, we have not come across the cases wherein the executive committee or any members thereof or any representative or any office bearer of the organization has acted deliberately contrary to the provisions of law or caused any loss or damage to the organization or committed any misappropriation or fraud, nor we have been informed of any such case by the management.

In our opinion, financial statements give a true and fair view of the financial position of the organization as of 32nd Ashad 2075 (Corresponding to 16th July 2018) and results of its' financial performance for the year then ended in accordance with Nepal Accounting Standards, generally accepted accounting principles.

L. Adhikari Associates Kaski Chartered Accountants

Place: Pokhara
Date: 2075.05.18

**Lakshman Adhikari**
Chartered Accountant

Tel : 061-538296, Pokhara-8, Newroad, Kaski

**ASAL CHHIMEKEE NEPAL**
Pokhara 1, Simpani
**Statement of Financial Position**
As at 32nd Ashad 075 (16th July 2018)

| Particulars | Annex | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|---|
| **A. Assets** | | | |
| **1. Non-current Assets** | | | |
| Gross Fixed Assets | 1 | 6,673,521.10 | 6,407,521.10 |
| Less: Acumulated Depreciation | | 2,904,434.06 | 2,105,002.65 |
| **Net Fixed Assets** | | **3,769,087.04** | **4,302,518.45** |
| | | | |
| **Total Non-Current Assets** | | **3,769,087.04** | **4,302,518.45** |
| | | | |
| **2. Current Assets** | | | |
| Cash and Cash Equivalent | 2 | 110,564,796.90 | 98,011,204.89 |
| Advance and Deposits | 3 | 7,554,975.10 | 4,000,982.46 |
| Sundry Receivables | 4 | 1,076,321.60 | - |
| Revolving Fund Mobilization | 5 | 1,081,754.00 | 502,388.00 |
| | | | |
| **Total Current Assets** | | **120,277,847.60** | **102,514,575.35** |
| | | | |
| **Total Assets** | | **124,046,934.64** | **106,817,093.80** |
| | | | |
| **B. Reserves Funds and Liabilities** | | | |
| **1. Reserves Funds** | | | |
| Previous Year's Balance | | 96,377,007.50 | 73,668,670.23 |
| Add: Current Year Surplus or (Deficit) | | 16,439,257.79 | 22,708,337.27 |
| **Total Reserve Fund** | | **112,816,265.29** | **96,377,007.50** |
| | | | |
| **2. Liabilities** | | | |
| **Current Liabilities** | | | |
| Sundry Payables | 6 | 9,896,750.98 | 9,314,392.93 |
| Revolving Fund | 7 | 1,333,918.37 | 1,125,693.37 |
| **Total Liabilities** | | **11,230,669.35** | **10,440,086.30** |
| | | | |
| **Total Reserve Fund & Liabilities** | | **124,046,934.64** | **106,817,093.80** |

Significant Accounting policies and Notes to account forms integral part of financial statements

Per our report on even date

L. Adhikari Associates, Kaski, Chartered Accountants

| Sr. Finance Officer | Executive Director | Treasurer | Chairman | Auditor |
|---|---|---|---|---|
| Pushpa Raj Giri | Rajendra Kumar Adhikari | Purna Lal Kayastha | Bharat Bahadur Gurung | Lakshman Adhikari |

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

**ASAL CHHIMEKEE NEPAL**
**Pokhara 1, Simpani**
**Statement of Income & Expenditure**
For the Period of 1st Shrawan 2074 (16th July 2017) to 32nd Ashad 2075 (16th July 2018)

| Particulars | Annex No. | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|---|
| **Income** | | | |
| Income Received during the period | 8 | 110,554,365.67 | 121,088,409.48 |
| **Total Income** | | **110,554,365.67** | **121,088,409.48** |
| **Expenditure** | | | |
| Direct Project Expenses | 9 | 82,213,321.95 | 87,599,082.57 |
| Project Administrative Expenses | 10 | 11,102,354.53 | 9,977,799.56 |
| Depreciation during the period | | 799,431.40 | 803,190.08 |
| **Total Expenditure** | | **94,115,107.88** | **98,380,072.21** |
| | | | |
| **Surplus or (Defecit) During the year** | | **16,439,257.79** | **22,708,337.27** |
| Less: Transfer to specific fund | | - | - |
| **Surplus or (Defecit) transferrred to Reserve Fund** | | **16,439,257.79** | **22,708,337.27** |

Significant Accounting policies and Notes to account forms integral part of financial statements

Per our report on even date

L.Adhikari Associates Kaski Chartered Accountants

| Sr. Finance Officer | Executive Director | Treasurer | Chairman | Auditor |
|---|---|---|---|---|
| Pushpa Raj Giri | Rajendra Kumar Adhikari | Purna Lal Kayastha | Bharat Bahadur Gurung | Lakshman Adhikari |

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

**ASAL CHHIMEKEE NEPAL**

**Pokhara 1, Simpani**

**CASH FLOWS STATEMENT**

As at 32nd Ashad 075 (16th July 2018)

| Particulars | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|
| **A. Cash Flow From Operating Activities :** | | |
| Net Surplus (Loss) Before Extraordinary Item | 16,439,257.79 | 22,708,337.27 |
| Adjustment for : | | |
| Depreciation | 799,431.40 | 803,190.08 |
| **Operating Surplus Before Changes Working Capital** | **17,238,689.19** | **23,511,527.35** |
| (Increase)/ Decrease in Current Assets | (5,209,680.24) | 2,104,622.64 |
| Increase/ (Decrease) in Current Liabilities | 790,583.05 | 3,349,079.48 |
| **Net Cash from Operating Activities** | **12,819,592.00** | **28,965,229.47** |
| **B. Cash Flows from Investing Activities :** | | |
| Acquisition of Subsidiary Net of Cash Acquired | | |
| Purchase of Fixed Assets | (266,000.00) | (560,300.00) |
| Proceeds from sale of Fixed Assets | | |
| **Net Cash Used in Investing Activities** | **(266,000.00)** | **(560,300.00)** |
| **C. Cash Flows from Financing Activities :** | | |
| Received from Loan | - | - |
| Changed in Investment | - | 352,183.01 |
| **Net Cash Used in Financing Activities** | **-** | **352,183.01** |
| **Net Increase in Cash and Cash Equivalents** | **12,553,592.00** | **28,757,112.48** |
| Cash and Cash Equivalents at Beginning of Period | 98,011,204.89 | 69,254,092.40 |
| **Cash and Cash Equivalents at end of Period** | **110,564,796.90** | **98,011,204.89** |

Significant Accounting policies and Notes to account forms integral part of financial statements

Per our report on even date

| Sr. Finance Officer | Executive Director | Treasurer | Chairman | Auditor |
|---|---|---|---|---|
| Pushpa Raj Giri | Rajendra Kumar Adhikari | Purna Lal Kayastha | Bharat Bahadur Gurung | Lakshman Adhikari |

L. Adhikari Associates, Kaski, Chartered Accountants

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

**ASAL CHHIMEKEE NEPAL**

Pokhara 1, Simpani

**Schedules to Financial Statements**

As at 1st Shrawan 074 (16th July 2017) to 31st Ashad 075 (15th July 2018)

## Income Received

Annex 8

| S.N. | Particulars | Current Year | Previous Year |
|---|---|---|---|
| (1) | Disaster Response and Assistance Project | 95,735,776.06 | 104,097,606.99 |
| (2) | Community Empowerment and Capacity Building | 2,470,935.51 | 2,731,560.52 |
| (3) | Flood Recovery | 3,985,912.40 | - |
| (4) | Health Promotion | 1,574,259.89 | 2,885,631.84 |
| (5) | Support Office | 1,315,118.09 | 574,716.38 |
| (6) | Nawajeewan Treatment and Rehabilitation | 3,006,908.50 | 2,976,359.00 |
| (7) | Child Protection and Development | 10,700.00 | 5,308,627.50 |
| (8) | Community Empowerment for Social Action (CC) | 995,456.95 | 798,909.14 |
| (9) | Community Livelihood and Income Generation | 1,459,298.27 | 1,714,998.11 |
| | **TOTAL** | **110,554,365.67** | **121,088,409.48** |

## Project Direct Cost

Annex 9

| S.N. | Particulars | Current Year | Previous Year |
|---|---|---|---|
| (1) | Disaster Response and Assistance Project | 74,095,114.55 | 74,904,340.85 |
| (2) | Community Empowerment and Capacity Building | 1,255,054.66 | 2,551,159.13 |
| (3) | Flood Recovery | 2,660,527.00 | - |
| (4) | Health Promotion | 1,051,822.60 | 2,919,715.28 |
| (5) | Support Office | 572,469.68 | 239,476.22 |
| (6) | Nawajeewan Treatment and Rehabilitation | 920,795.75 | 2,637,687.45 |
| (7) | Child Protection and Development | 675,516.28 | 2,060,997.06 |
| (8) | Community Empowerment for Social Action (CC) | 316,433.92 | 797,076.86 |
| (9) | Community Livelihood and Income Generation | 665,587.51 | 1,488,629.72 |
| | **TOTAL** | **82,213,321.95** | **87,599,082.57** |

## Project Administration Expenses

Annex 10

| S.N. | Particulars | Current Year | Previous Year |
|---|---|---|---|
| (1) | Disaster Response and Assistance Project | 4,640,055.48 | 8,894,694.45 |
| (2) | Community Empowerment and Capacity Building | 739,792.68 | 59,918.71 |
| (3) | Flood Recovery | 723,875.00 | |
| (4) | Health Promotion | 853,302.68 | 63,117.60 |
| (5) | Support Office | 293,829.17 | 471,273.00 |
| (6) | Nawajeewan Treatment and Rehabilitation | 1,976,216.67 | 346,906.64 |
| (7) | Child Protection and Development | 722,159.00 | 72,948.35 |
| (8) | Community Empowerment for Social Action (CC) | 444,703.18 | 2,992.00 |
| (9) | Community Livelihood and Income Generation | 708,420.67 | 65,948.81 |
| | **TOTAL** | **11,102,354.53** | **9,977,799.56** |

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

Adhikari Associates
Kaski
Chartered Accountants

ASAL CHHIMEKEE NEPAL
Pokhara 1, Simpani
Disaster Response and Assistance Project

**Income received**

Annex 8.1

| Particulars | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|
| Grant Income | 82,995,629.59 | 94,941,353.99 |
| General donation | 2,111,575.00 | 1,483,920.00 |
| Interest Income | 9,371,447.87 | 5,848,810.00 |
| Other Income | 1,257,123.60 | 1,823,523.00 |
| **Total** | **95,735,776.06** | **104,097,606.99** |

**Project Direct Expenses**

Annex 9.1

| Particulars | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|
| Anmppipal Health Posts Construction | 334,906.86 | 8,653,991.70 |
| Arkul Primary School | 259,035.40 | 6,968,447.38 |
| Aruban Clinic | 22,041.21 | - |
| Bhumlichowck Health Posts Const | (5,548.00) | 7,971,512.30 |
| Chandrodaya High School | 689,173.60 | 5,578,357.61 |
| Disable Friendly | 36,861.19 | 1,500.00 |
| Disaster Training | 341,820.00 | 626,021.00 |
| Flood Livelihood Recovery -NP | 2,185,954.00 | - |
| Flood Management Myagdi | 15,000.00 | 517,201.26 |
| Flood Management Nawalparasi | 2,906,893.97 | 1,514,552.72 |
| Flood Management Nawalparasi 2nd | 3,592,473.00 | - |
| Flood Management Nawalparasi 3rd | 4,914,578.98 | - |
| Ghairung Health Posts Construction | 62,071.50 | 8,418,159.34 |
| Ghyalchok Health Posts Const | 62,070.50 | 8,111,731.78 |
| Health Activities Women & Children | - | 1,062,573.00 |
| Health Awareness | - | - |
| House Construction | 7,495,228.26 | 43,275.00 |
| Janajagriti P. School- Breast Wall | 1,765.00 | - |
| Janajagriti Primary School | 1,032,696.57 | 6,498,733.93 |
| Japanese Volunter Team | - | 80,781.00 |
| Kaski Project | 1,784,595.65 | 10,375.00 |
| Livelihood | 7,872,212.32 | 1,524,320.52 |
| Medicine for DHO- Gorkha | - | 1,634,005.00 |
| Others | 115,095.30 | - |
| Radio Instalation in ShreenathKot | - | - |
| Rural Clinic | 35,100.80 | - |
| Mission Centre | 2,540.00 | - |
| Janakalyan School Constructions | 19,731,713.64 | 6,774,209.42 |
| ShreeNath Health Posts Construction | - | 2,940.00 |
| Skill Training for Reconstruction | 16,856,459.32 | 481,818.53 |
| Srinath Kot Project | 329,429.22 | 735,649.70 |
| Toilet Janakalyan School | 1,446,120.16 | - |
| VDC Building | 634,750.00 | 5,978,325.29 |
| Volunter Mobilization & Development | 1,340,076.10 | 1,715,859.37 |
| **Total** | **74,095,114.55** | **74,904,340.85** |

असल छिमेकी नेपाल
Asal Chhimekee Nepal

Adhikari Associates
Kaski
Chartered Accountants

ASAL CHHIMEKEE NEPAL
Pokhara 1, Simpani
Disaster Response and Assistance Project

**Project Administrative Expenses** Annex 10.1

| Particulars | Current Year Rs. | Previous Year Rs. |
|---|---|---|
| Anmppipal Health Posts Construction | 90,000.00 | 546,063.00 |
| Arkul Primary School | 3,000.00 | 906,558.50 |
| Aruban Clinic | - | |
| Bhumlichowck Health Posts Const | - | 1,852,445.00 |
| Chandrodaya High School | 124,243.04 | 116,677.70 |
| Disable Friendly | - | |
| Disaster Training | - | 38,049.00 |
| Flood Livelihood Recovery -NP | 111,190.45 | - |
| Flood Management Myagdi | - | 4,267.00 |
| Flood Management Nawalparasi | 481,900.00 | 160,485.74 |
| Flood Management Nawalparasi 2nd | 609,464.00 | - |
| Flood Management Nawalparasi 3rd | 96,000.00 | - |
| Ghairung Health Posts Construction | - | 1,037,901.00 |
| Ghyalchok Health Posts Const | - | 914,118.65 |
| Health Activities Women & Children | - | 93,483.00 |
| Health Awareness | - | |
| House Construction | 408,532.00 | 1,000.00 |
| Janajagriti P. School- Breast Wall | - | - |
| Janajagriti Primary School | 198,600.00 | 151,927.70 |
| Japanese Volunter Team | - | 7,745.00 |
| Kaski Project | (13,000.00) | 120,984.00 |
| Livelihood | 1,015,530.69 | 123,991.00 |
| Medicine for DHO- Gorkha | - | 241,840.00 |
| Others | - | 98,064.00 |
| Radio Instalation in ShreenathKot | - | - |
| Rural Clinic | - | - |
| Mission Centre | - | - |
| Janakalyan School Constructions | 247,922.50 | 315,718.20 |
| ShreeNath Health Posts Construction | - | |
| Skill Training for Reconstruction | 214,759.00 | 1,655.00 |
| Srinath Kot Project | 859,613.80 | 1,880,357.76 |
| Toilet Janakalyan School | - | |
| VDC Building | 95,000.00 | 66,822.20 |
| Volunter Mobilization & Development | 97,300.00 | 214,541.00 |
| **Total** | **4,640,055.48** | **8,894,694.45** |

L.Adhikari Associates Kaski Chartered Accountants

असल छिमेकी नेपाल Asal Chhimekee Nepal

# नियमित कार्यक्रमको आगामी आ.व. २०७५-७६ को कार्ययोजना तथा बजेट

| कार्यक्रमहरू | कास्की | | नवलपरासी | | जम्मा |
|---|---|---|---|---|---|
| | प्रत्यक्ष लागत | अप्रत्यक्ष लागत | प्रत्यक्ष लागत | अप्रत्यक्ष लागत | |
| समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा (दिगो विकास लक्ष्य ४) | १,३७३,९०५ | २७८,५१२ | ४३२२६८८ | ८१९१८४ | ६,७९४,२८९ |
| स्वस्थ तथा समृद्धि जीवन (दिगो विकास लक्ष्य ३ र ६) | १,११८,९४५ | २२३,६५२ | ३३३६३४६ | ६९२२९२ | ५,३७१,२३५ |
| शान्तिपूर्ण र समावेशी समाज प्रवर्धन (दिगो विकास लक्ष्य १६) | ३,०५५,८१९ | ५५५,२५३ | ४४५९२८२ | ७३४३०७ | ८,८०४,६६१ |
| सुरक्षित र दिगो समुदाय | ९४०,७२१ | १८५,३२२ | ११०१८५९ | २१७०६६ | २,४४४,९६८ |
| लागू औषध उपचार तथा पुनर्स्थापना | ३,३६५,४०६ | ४३४,२१६ | | | ३,७९९,६२२ |
| जम्मा | **९,८५४,७९६** | **१,६७६,९५५** | **१३२२०१७५** | **२४६२८४९** | **२७,२१४,७७५** |

# विपद् प्रतिकार्य सहायता कार्यक्रमको आगामी कार्ययोजना तथा बजेट

| क्र.सं. | कार्यक्रमहरू | स्थान | समयावधि | | रकम रू. |
|---|---|---|---|---|---|
| १ | जिविकोपार्जन तथा स्वास्थ्य कार्यक्रम | श्रीनाथकोट, भुम्लिचोक, घ्यालचोक | जनवरी, २०१९ | | ७,६२३,१९९.९७ |
| २ | व्यक्तिगत आवास पुनर्निर्माण सहायता परियोजना | श्रीनाथकोट, भुम्लिचोक, घ्यालचोक र मकैसिङ् | जनवरी, २०१९ | | २२,५६३,०५२.८३ |
| ३ | गाऊँघर क्लिनिक | श्रीनाथकोट, थालाजुङ्, छोप्राक | नोभेम्बर, २०१८ | अप्रिल, २०१९ | ८,८२१,५७१.०० |
| ४ | सहरी स्वास्थ्य इकाइ | घलाङ् | डिसेम्बर, २०१८ | जुन, २०१९ | ४,४७०,२९७.३८ |
| ५ | अपाङ्गमैत्री तालिम तथा पुनर्स्थापना केन्द्र | गोरखा | नोभेम्बर, २०१८ | अक्टुबर, २०१९ | १८,००३,०५८.०० |
| ६ | शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम | श्रीनाथकोट | सेप्टेम्बर, २०१८ | डिसेम्बर, २०२० | २,८०४,१८३.६० |
| ७ | स्वयंसेवक परिचालन तथा विकास कार्यक्रम | गोरखा, कास्की | नोभेम्बर, २०१८ | मार्च, २०१९ | १,५२४,०३७.५० |
| ८ | गोरखा भूकम्प प्रतिकार्य कार्यक्रम समापन | कास्की | नोभेम्बर, २०१८ | फेब्रुअरी २०१९ | १,०१९,५००.०० |
| ९ | प्रदेश नं ४ स्तरीय डि.आर.आर. अगुवा कार्यशाला | कास्की | मार्च, २०१९ | | १,६८४,७९८.०० |
| १० | व्यक्तिगत आवास पुनर्निर्माण सहयोग | पर्वत | २०१९ | | ८,२५५,०००.०० |
| | | | | जम्मा | **७६,७६८,६९८.२८** |

# General Members

| SN | Name | Phone Numbers | Church |
|---|---|---|---|
| 1 | Arjun Bhandari | 524901/ 9846023516 | Utsaha Church |
| 2 | Asha Nepali Gurung | 9849873248 | Lamachaur |
| 3 | Attan Lama | 538749 | Lamachaur |
| 4 | Baburam Giri | 9846030883 | Pokhara Bapt, Rakshyamarga |
| 5 | Basanta Thapa | 061-525706 / 9846054352 | Bagbazaar |
| 6 | Bedi Prasad Subedi | 9846021218, 521136 | Nepal Christiya Ramghat |
| 7 | Bharat Bahadur Gurung | 9846030864, 9856050864 | Deepjyoti |
| 8 | Bindu Rai | 9814161655 | Kundhar Susamachariya |
| 9 | Binod Thapa | 9856027938 | Lamachaur |
| 10 | Bishnu Kumari Gurung | 440592/ 9846337840 | Deepjyoti |
| 11 | Buddhi Gurung | 534105 / 9856022630 | Pratigya |
| 12 | Buddhibal Ramtel | 9846060173 | Nayagau |
| 13 | Chandra Rana (Mrs.) | 9846033417, 440170 | Deepjyoti |
| 14 | Dilman Ghamal | 61626114 | Aatmik Ekta |
| 15 | Dr. Dependra Kumar Gautam | 521131 | Nepali Christiya Ramghat |
| 16 | Durga Gurung | 9846041087 | Pokhara Bapt. Raksyamarga |
| 17 | Ganesh Pakharin | 9856025151 / 431437 | Nayagau |
| 18 | Ganga Laxmi Gurung | 9846069015 / 523778 | Nadipur |
| 19 | Grishma Keshav Parajuli | 430921 / 9846033500 | Nayagau |
| 20 | Hari Bahadur Malla Thakuri | 9746028146 / 9804159894 | Nepal Christiya Talchock |
| 21 | Hariram Ghimire | 9856024013/ 061-691113 | Batulechaur |
| 22 | Idu Nepali | 9846044384 | Lamachaur |
| 23 | Indra Bahadur Kumal | 9846058057 | Batulechaur |
| 24 | Jamuna Kayestha | 61524541 | City |
| 25 | Junkiri Nepali | 9804149948 | Lamachaur |
| 26 | Khadka Bahadur Gurung (K.B.) | 9846032898 / 532116 | Nepal Christiya Ramghat |
| 27 | Kalu Tamang | 9846144213 | Maranatha |
| 28 | Kamala Gautam | 9846573411 | Lamachaur |
| 29 | Kar Lama | 9846559051 | Pabitra |
| 30 | Karak Bahadur Tamang | 9846049798 | Lamachaur |
| 31 | Khem Bahadur K.C. | 9846042323 | Nayagaun |
| 32 | Kopila Khati | 9805872631 | Lamachaur |
| 33 | Krishna Adhikari | 9846041950 | Lamachaur |
| 34 | Krishna Bahadur Thapa (Bhakta) | 9841798605/440606 | Lamachaur |
| 35 | Krishna Prasad Tripathi | 534291 / 9846059932 | Pokhara Baptish |
| 36 | Laxmi Kumar Shrestha | 9856115850 | Bethel |
| 37 | Man Bahadur Pun | 9846032635 | Deepjyoti |
| 38 | Masina Tamang | 9846152508 | Pokhara Baptish |
| 39 | Min Bahadur Gurung | 9806545094 | Nepal Christiya Talchok |
| 40 | Muktinath Dhakal | 9846025094 | Lamachaur |
| 41 | Nar Bahadur Pariyar (Nandaram) | 9846034519 | Nayagaun |
| 42 | Narayan Shrestha | 9846059541 | Nayagaun |
| 43 | Pradip Kumar Dhungana | 562009 / 9846020636 | Nepal Christya Pokhara |
| 44 | Prakash Gharti (Bhujel) | 9846020884 | Nepal Christiya Ramghat |
| 45 | Prakash Chhetri | 9856028909 | Nepal Christiya Ramghat |
| 46 | Prakash Shrestha | 9846030077 | Nayagaun |
| 47 | Prem Giri | 9846022991 | Nayagaun |
| 48 | Purna Lal Kayestha | 524541/ 9846020530 | City |
| 49 | Purna Singh Gurung | 9804125320/ 9804134201 | |
| 50 | Pushpa Raj Giri | 9846026361 | Nepal Christya Ramghat |
| 51 | Puskar B.K. | 9805115841 | International Penticostal |
| 52 | Rachel Ghimere | 9846170352 | Batulechaur |
| 53 | Rajendra Kumar Adhikari | 440409 / 9856026490 | Lamachaur |
| 54 | Rajkumar Rayamajhi | 9846208544 | Nayagau |
| 55 | Ram Bahadur Gurung (Amosh) | 9816527066 | Pokhara Alliance |
| 56 | Ram Bahadur K.C. | 01-5550526 | Nayagau |
| 57 | Ram Bahadur Rokaha | 9856026347,061-621215 | Prasansadeep |
| 58 | Ram Prasad Sharma | 9846033501/ 430891 | Nayagau |
| 59 | Resham Raj Paudel | 9851089373 | Nayagau |
| 60 | Santosh Baral | 9846150981 | Karmel Samaj |
| 61 | Sarada Gautam | 9846022153 / 535324 | |
| 62 | Shree Bahadur Nepali | 9846060073 | Sarankot |
| 63 | Govinda Bahadur Gaire (Silas) | 9846027341 | |
| 64 | Suk Bahadur Shrestha (Semon) | 9806556828 | |
| 65 | Suk Maya Purja | 9814170098 | Archalbot |
| 66 | Suvarna Bharati (Mrs) | 432069 | Nayagau |
| 67 | Tika Bahadur Purja | 9846034085/ 061-693344 | Deepjyoti |
| 68 | Til Bahadur Tamang | 9804187536 | Lamagaun |
| 69 | Bhabindra Rana | 526114/ 9804158225 | Shalom |
| 70 | Ved Bahadur Tamang (David) | 9846022834 | Santawana |
| 71 | Yam Bahadur Rana | 9846021112 | Lamachaur |
| 72 | Rebica K.C. | 9846448491 | Nayagaun |
| 73 | Bedu Lopchan | 9846336133 | Emmanuel Light |
| 74 | Til Bahadur Giri | 9846038825 | Batulechaur |
| 75 | Sher Bahadur Lama | | Shalom |
| 76 | Chanman Shreemal | 9846048282 | Nayagaun |
| 77 | Ram Kumar Shrestha | 9846619056 | Shalom Jyoti |
| 78 | Indra Bahadur Thakuri | 9846107589 | Living God |
| 79 | Prem Bahadur Tamang | 9846041174 | New Begining |

WWW.ACN.ORG.NP

ASAL
CHHIMEKEE
NEPAL
ACN

असल छिमेकी नेपाल


ADDRESS
Asal Chhimekee Nepal
P.O.Box: 263
Simpani, Pokhara

E-MAIL
For further information
please contact
info@acn.org.np

PHONE
+977 61 522515
+977 61 522516


for our stories and news,
please check out
acn.org.np/categary/news

Find us: